म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १४० सोमबार, २१ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 5 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बालज्योति विद्यालयका विद्यार्थीलाई न्यानो कपडा र झोला वितरण

हेटौँडा, २० पुस/मकवानपुरगढी गाउँपालिका वडा नम्बर ६ मा रहेको बालज्योति आधारभूत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा र झोला वितरण गरिएको छ । पोखरा प्लाष्टिक व्यवसायी समितिको आयोजना तथा सानिमा जिआइसि इन्सुरेन्स लिमिटेडको सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तरगत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा, झोलालगायतका सामग्री वितरण गरिएको हो । विद्यालयमा अध्यनरत विद्यार्थीलाई स्वीटर, ट्राउजर, टोपी, जुत्ता र झोला वितरण गरिएको विद्यालयका प्रधानध्यापक गीता तिमल्सिनाले बताइन् । त्यसैगरी विद्यालयलाई वाटर डिस्पेन्सर पनि हस्तान्तरण गरिएको छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष केशवप्रसाद न्यौपानेको अध्यक्षता तथा मकवानपुर गढी-६ का वडाअध्यक्ष कृष्णप्रसाद बजगाईको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा पोखरा प्लाष्टिक व्यवसायी समितिका अध्यक्ष परसुराम तिवारी, सानिमा जिआइसी इन्सुरेन्स शाखा पोखराका प्रमुख विश्वाश सापकोटालगायतको आतिथ्यता रहेको थियो ।

निर्वाचन आउन २ महिना बाँकी रहँदा मकवानपुरमा राजनीतिक सरगर्मी तीव्र

# चोक-चौतारामा निर्वाचनको चर्चा र बहस बाक्लिँदै

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ आसन्न प्रतिनिधिसभा निर्वाचन आउन अब दुई महिनामात्रै बाँकी रहँदा मकवानपुरमा राजनीतिक सर गर्मी तीव्र बन्दै गएको छ ।

फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै राजनीतिक दल, युवापुस्ता चुनावी तयारीमा जुटेका छन् । चोकचौतारा, चियापसलदेखि राजनीतिक दलका कार्यालयसम्म निर्वाचनकै चर्चा र बहस बाक्लिँदै गएको छ । हालसम्म नेपाली काँग्रेस, नेपाली कम्युनिष्ट पार्टी, नेकपा एमाले, राप्रपालगायतले प्रत्यक्षतर्फका आकाक्षी उम्मेदवारको टुङ्गो लगाएर माथिल्लो कमिटीमा सिफारिस पठाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले उम्मेद्वार टुंगो लगाउन बाँकी रहेको छ । उम्मेदवार टुंगो लगाउने प्रक्रियालाई टुंग्याउन, चुनावी सरगमी बढाउनका लागि विभिन्न राजनीतिक दलका केन्द्रीय तहका नेताहरु जिल्ला आउने क्रम बढेको छ ।

केन्द्रको निर्देशनअनुसार जिल्लास्तरमा संगठन परिचालन, रणनीतिक छलफल र चुनाव केन्द्रित गतिविधि तीव्र बनाइएको दलहरुले जनाएका छन् । दलहरुले केन्द्रको सर्कुलरअनुसार पार्टीका कामहरु व्यवस्थित गर्ने, संगठन सुदृढीकरण, कार्यकर्ता परिचालन र उम्मेदवार सिफारिसको काम गरिरहेको जनाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि मकवानपुरमा आफूलाई नयाँ राजनीतिक शक्तिका रुपमा स्थापित गर्ने तयारीमा लागेको बताएको छ । रास्वपा मकवानपुरका सभापति भरत पराजुलीले पुराना



दलहरुको सत्तायात्रा सकिएको दाबी गर्दै यसपटक जनताले नयाँ विकल्प खोजिरहेको जिकिर गरेका छन् ।

मकवानपुरमा प्रतिनिधि सभाअन्तर्गत दुईवटा निर्वाचन क्षेत्र रहेका छन् । समानुपातिकतर्फ बन्दसूची बुझाइ सकेका राजनीतिक दलहरु प्रत्यक्षतर्फ उम्मेदवार सिफारिस, चुनावी रणनीति निर्माण लगायतमा व्यस्त रहेका छन् । बन्दसूचीमा आयोगले तोकेअनुसार का प्रक्रिया नमिलेको भन्दै आयोगले बन्दसूची सच्याउन पत्राचार गरिरहेको छ । दलहरुले एकसाता भित्र बन्दसूची सच्याएर बुझाएपछि काम अगाडि बढ्ने बताइएको छ ।

### समानुपातिकको बन्दसूची रूजु गर्ने काम सकियो

निर्वाचन आयोगले समानुपातिकतर्फ राजनीतिक दलहरुले बुझाएको बन्दसूचीसम्बन्धी कागजातको रुजु सम्पन्न गरेको छ ।

आयोगका तथ्यांक शाखाका निर्देशक पूर्णबहादुर घर्तीमगरका अनुसार पुस १६ गतेदेखि २० गतेसम्म दलहरुको बन्दसूचीमा रहेका कागजातहरुको जाँच गरिएको हो । रुजु गर्नेक्रममा देखिएका कैफियत छुट्याएर सम्बन्धित राजनीतिक दललाई आइतबार साँझसम्म पत्रमार्फत् जानकारी गराइने उनले जानकारी दिए । '१६ गतेदखि २० गतेसम्म दलहरुको दर्ता भएको समानुपातिकतर्फको बन्दसूचीमा रहेको डकुमेन्टहरू रुजु गर्‍यौं ।

रुजु गर्दा देखिएका कैफियतहरु हामी सबै कोट गरेर सम्बन्धित दललाई आइतबार साँझसम्म पत्र पठाउँछौं,' उनले भने । कागजात नपुगेका, उमेर नपुगेका लगायतका सबै त्रुटि छुट्याएर दलहरुलाई सच्याउन पठाइने उनले बताए ।

उनका अनुसार २१ गतेदेखि २७ गतेसम्म दलहरुले त्रुटि सच्याएर पुन: बन्दसूची पेश गर्न पाउनेछन् । अन्तिम सूची सार्वजनिक हुनुअघि सम्बन्धित उम्मेदवारले आफ्नो नाम फिर्ता लिनसक्ने उनले बताए । 'डकुमेन्ट नपुगेका, उमेर नपुगेकालगायत सबै छुट्याएर हामी पठाउँछौ । त्यसको आधारमा २१ गतेदेखि २७ गतेसम्म दलहरुले ती कुरा सच्याएर ल्याउनुहुन्छ र हामीले दलको तर्फबाट आएको बन्दसूचीलाई २७ गते फाइनल गर्छौं,' उनले भने । समानुपातिक सूचीमा रहन नचाहने उम्मेदवारले २८ गते उम्मेदवारी फिर्ता लिन पाउनेछन् । त्यसको जानकारी पनि आयोगले सम्बन्धित दललाई दिने उनले बताए ।

दलबाट प्राप्त अन्तिम विवरणका आधारमा खाली स्थानमा नयाँ उम्मेदवार सिफारिस गरेपछि तयार हुने अन्तिम बन्दसूचीलाई निर्वाचन आयोगले सार्वजनिक गर्ने उनले जानकारी दिए । 'सम्बन्धित उम्मेदवारले आफ्नो नाम फिर्ता लिन पाउनुहुन्छ ।

समानुपातिकमा बस्न चाहन्न भन्नेले २८ गते उम्मेवारी फिर्ता दिन पाउनेछन्, हामीले त्यो पनि सम्बन्धित दललाई जानकारी दिन्छौं,' उनले भने, 'दलको विवरण आइसकेपछि दलले खाली ठाउँमा नयाँ मान्छे सिफारिस गरेपछि दलको तर्फबाट अन्तिम बन्दसूची तयार पारेपछि हामीले त्यसलाई सार्वजानिक गर्छौं ।'

फागुन २१ गते हुने निर्वाचनका लागि राजनीतिक दलहरुले पुस १३ र १४ गते समानुपातिकतर्फको बन्दसूची पेश गरेका थिए । माघ ४ गते बन्दसूची सार्वजनिक गरिनेछ । सूचीमा रहेका उम्मेदवारबारे कानुनीरुपमा अयोग्य भनी दाबीविरोध परेमा छानबीन गरी माघ २० गते अन्तिम नामावली प्रकाशन गरिने आयोगले जनाएको छ । सूची त्यसपछि भने परिवर्तन हुने छैन । त्यस्तै आयोगले आउँदो प्रतिनिधिसभा सदस्य चुनावका लागि फागुन १० गतेभित्र जिल्ला जिल्लामा मतपत्र पुर्‍याउने गरी काम थालेको छ । प्रत्यक्ष र समानुपातिक दुवैतर्फ सरदर दुई करोड मतपत्र छाप्ने आयोगको तयारी छ ।

# भीमफेदीमा सुमो दुर्घटना, ६ जनाको ज्यान गयो



साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ मकवानपुरको भीमफेदी-६ जुडीखेतमा आइतबार साँझ यात्रुवाहक सुमो दुर्घटना हुँदा ६ जनाको ज्यान गएको छ । दुर्घटनामा ३ जना गंभीर घाइते भएका छन् ।

काठमाडौं-हेटौंडा जोड्ने छोटो मार्गअन्तर्गत भीमफेदीको जुरीखेतमा काठमाडौंबाट हेटौंडा आउँदै गरेको ना १ ज १७७८ नम्बरको सुमो आइतबार साँझ जुडीखेतमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डीएस्पी पुष्कर बोगटीले जानकारी दिए । मृतकहरुको रातको १० बजेसम्म पनि सनाखत हुन सकेको छैन ।

सुमोमा ६ जना पुरुष, १ जना महिला, १ बालिका र १ बालक गरी ९ जना सवार थिए । सुमो सडकबाट करिब एकसय मिटर तल खोल्सामा खसेर दुर्घटना भएको प्रवक्ता बोगटीले बताए । घटनास्थलबाट घाइते ९ जनालाई उद्दार गरी उपचारका लागि हेटौंडा अस्पतालमा ल्याइएको थियो । दुर्घटनका घाइते ९ जनामध्य ६ जना पुरुषको हेटौंडा अस्पतालमा उपचारका क्रममा निधन भएको अस्पतालले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक बोगटीका अनुसार मृतकको नाम ठेगाना खुल्न सकेको छैन ।

# मकवानपुरमा तीन लाख १५ हजारभन्दा बढी मतदाता

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा मकवानपुरमा तीन लाख १५ हजारभन्दा बढी मतदाताले मतदान गर्ने भएका छन् ।

प्रदेश निर्वाचन कार्यालयका अनुसार मकवानपुरमा कुल मतदाता संख्या तीन लाख १५ हजार तीनसय ३४ पुगेको छ । निर्वाचन कार्यालयका सूचनाअधिकारी ताराप्रसाद आचार्यका अनुसार प्रतिनिधिसभा निर्वाचन २०७९ पछि मकवानपुरमा १४ हजार ६ सय १ जना मतदाता थपिएका छन् । सबैभन्दा धेरै मतदाता हेटौंडा उपमहानगरपालिकामा ७ हजार एक सय ६३ थप भएका छन् । त्यसपछि मनहरी गाउँपालिकामा एक हजार चार सय ६८, थाहा नगरपालिकामा एक हजार चार सय १५ मतदाता थपिएका छन् ।

यसैगरी बकैया गाउँपालिकामा ८ सय १७, बागमती गाउँपालिकामा ८ सय ४०, मकवानपुरगढी गाउँपालिकामा ७ सय ५४ र भीमफेदी गाउँपालिकामा ६ सय ९३ मतदाता थपिएका छन् । त्यस्तै, इन्द्रसरोवर गाउँपालिकामा ३ सय ७३, कैलाश गाउँपालिकामा ३ सय ६३ र राक्सिराङ गाउँपालिकामा २ सय ३५ मतदाता थपिएको निर्वाचन कार्यालयले जनाएको छ । मतदाता संख्या वृद्धि भएसँगै जिल्लामा मतदान केन्द्र पनि थप गरिएको छ । मतदानस्थल भने साविककै कायम राखिए पनि मतदान केन्द्र १० वटा थप गरिएको सूचनाअधिकारी आचार्यले जानकारी दिएका छन् ।

प्रतिनिधिसभाअन्तर्गत दुई वटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा हाल १ सय ६७ मतदानस्थल र ३ सय ७४ मतदान केन्द्र तोकिएका छन् । यसअघि जिल्लामा ३ सय ६४ मतदान केन्द्र रहेका थिए । निर्वाचन क्षेत्र नम्बर १ मा ६२ मतदानस्थल र १ सय ७८ मतदान केन्द्र रहेका छन् भने निर्वाचन क्षेत्र नम्बर २ मा १ सय ५ मतदानस्थल र १ सय ९६ मतदान केन्द्र तोकिएका छन् । अद्यावधिक तथा दाबीविरोधको क्रममा निर्वाचन कार्यालयले मतदाता सूचीबाट ८ सय ८४ नाम हटाएको छ ।

मृत्यु भएका २ सय १ जना मतदाता तथा दोहोरो नाम रहेका ६ सय ८३ जनाको नाम सूचीबाट हटाइएको कार्यालयले जनाएको छ । मतदाता विवरण अनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा एक लाख ५८ हजार ४ सय ३५ र निर्वाचन क्षेत्र नम्बर २ मा एक लाख ५६ हजार ८ सय ९९ मतदाता रहेका छन् । जिल्लाभर कुल मतदातामध्ये महिला एक लाख ५३ हजार ३ सय ७६, पुरुष एक लाख ६१ हजार ९ सय ५३ र अन्य ५ जना रहेका छन् ।




# परिचय बचतको साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ हेटौंडा-२ स्थित परिचय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको सभाध्याक्षतामा साधारणसभा सम्पन्न भएको हो ।

कार्यक्रममा संस्थाका कोषाध्यक्ष भवनाथ दाहालले आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन तथा अगामी कार्यक्रम प्रस्तुत गरे । १ सय ६१ जना महिला, ३ सय ३५ जना पुरुष र ९ जना अन्य गरी कुल ५ सय ५ जना शेयरसदस्य भएको यस संस्थाको कुल शेयरपुँजी ३ करोड २ लाख ९५ हजार ९ सय रुपैयाँ रहेको छ । संस्थाले आर्थिक वर्ष २०८१/८२ मा १२ करोड १५ लाख ६७ हजार ४ सय ४९ रुपैयाँ निक्षेप संकलन गरेको छ । संस्थाले गत आर्थिक वर्षमा कुल १ करोड ३६ लाख १४ हजार ७ सय ७३ रुपैयाँ आम्दानी गर्दा सबभन्दा बढी कर्जा सापटी र ऋण लगानीबाट १ करोड १८ लाख ४० हजार ४ सय १२ रुपैयाँ ब्याज प्राप्त गरेको जनाएको छ ।

गत आर्थिक वर्षमा संस्थाले विभिन्न शीर्षकमा कुल १ करोड ५४ लाख ५६ हजार ३८ रुपैयाँ खर्च गरेको छ । आम्दानी भन्दा खर्च बढी हुँदा संस्थाले गत आर्थिक वर्षमा ४९ लाख ४१ हजार १ सय १२ रुपैयाँ खुद नोक्सानी व्यहोरेको छ । आर्थिक वर्ष २०८१/८२ मा शेयर सदस्यले १२ करोड १५ लाख ६७ हजार ४ सय ४९ रुपैयाँ बचत जम्मा गरेका थिए । संस्थाको जगेडा कोषमा ४७ लाख ९ हजार ५ सय २० रुपैयाँ रहेको छ । संस्थाले चालु आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा कुल निक्षेप १७ करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको छ ।

साधारणसभाको अवसरमा संस्थाले उत्कृष्ट शेयर सदस्यलाई सम्मानित गरेको थियो । सम्मानित हुनेमा उत्कृष्ट परिचय बोनस बचतकर्ता मुना थिङ, मालती थापा र सुजता कार्की रहेका छन् । उत्कृष्ट विशेष बालबचतकर्ता जैजुन डोल्मा लामा, उत्कृष्ट परिचय व्यवसायिक बचतकर्ता सरिता दुलाल, रामबहादुर घलान, प्रदीप खड्का छन् । उत्कृष्ट आवधिक बचतकर्ताकारुपमा नेत्रकुमारी भट्ट, रवीन्द्र ढकाल, अविशेष रौनियार, सागरराज मिश्र र श्रृजना अधिकारी सम्मानित भएका हुन् ।

ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.को

**साधारणसभा सम्बन्धी सूचना !**

यस ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि. को २६ औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा हुने व्यवहोरा अवगत गराउँदै उक्त साधारणसभामा सम्पूर्ण शेयर सदस्य शिक्षक कर्मचारी, शेयर सदस्यज्यूहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**समय र स्थान:**

मिति: २०८२ पौष २६ गते शनिबार

समय: बिहान ११:०० बजे

स्थान: जी.एस. निकेतनको प्राङ्गणमा

सम्पर्क : ९८५५०६९१८४, ९८५५०६९२८४, ०५७-५२३४१५, ०५७-९१३९७

डा. लिलानाथ ढुंगेल
सचिव

**ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि.**

# अटोमोवाइल्स एशोसिएसनमा धर्मराज

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/हेटौंडा अटोमोवाइल्स एशोसिएसनको अध्यक्षमा धर्मराज धिमाल निर्वाचित भएका छन् । एशोसिएसनको २५ औं वार्षिक साधारणसभा तथा १२ औं अधिवेशन अन्तर्गत भएको निर्वाचनमा धिमाल ६९ मत प्राप्त गरी अध्यक्ष पदमा विजयी भएका हुन् ।

उनका निकटतम प्रतिद्वन्द्वी दिपेन्द्रकुमार उप्रेतीले ५२ मत प्राप्त गरे । यसैगरी वरिष्ठउपाध्यक्षमा जितेन्द्र तिवारी ६७ मतसहित विजयी भए । उनका निकटतम प्रतिद्वन्द्वी राज अधिकारीले ५१ मत प्राप्त गरे । त्यसैगरी कोषाध्यक्षमा दिपेश खड्गीले ६८ मत प्राप्त गरी विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी उत्तमप्रसाद भण्डारीले ५२ मत प्राप्त गरे ।

एशोसिएसनको उपाध्यक्षमा डा. गोपीराम बञ्जारा, महासचिवमा सञ्जयकुमार गुप्ता र सचिवमा श्यामप्रसाद कँडेल सर्वसम्मत चयन भएका छन् ।

यसैगरी सदस्यमा सुजन उप्रेती, देवनारायण दुलाल, मुनालराज न्यौपाने, विकास नेपाल, प्रकाश भट्टराई, रितेश ढकाल, दैवज्ञ सुवेदी र सुबास नेपाल चयन भए । अध्यक्षमा निर्वाचित भएपछि धिमालले संस्थाको हकहित, अधिकार र व्यवसायिक विकासका लागि निरन्तर क्रियाशील रहने प्रतिबद्धता व्यक्त गरे । एशोसिएसनका कानुनी सल्लाहकार तथा अधिवक्ता हेमन्त ढुंगेल मुख्य निर्वाचन अधिकृत रहेका थिए । पूर्वअध्यक्ष सुदेशकुमार श्रेष्ठ र सागर सापकोटाले निर्वाचन अधिकृतको भूमिका निर्वाह गरेका थिए ।

साझाकुरा

## हाम्रो कुरा

# उत्पादन र बजेट

सरकारले आडम्बर र तामझामका लागि जतिपनि खर्च गर्न सक्ने तर, युवालाई कृषिउत्पादनमा सहभागी गराउने कार्यमा बजेट कटौती गरेको छ । मन्त्रालयमा गरिने कार्यसम्पादन ज्यादै खर्चिलो बनाइएको छ तर, उत्पादनमा भने कसिकसाउ नीति अवलम्बन गरिएको छ । जुनसुकै दलका सरकार आएपनि श्रमिक र किसानको लागि हित गर्न सकेको अवस्था छैन । त्यसैले आज दैनिक हजारौं युवा रोजगारी खोज्दै खाडी मुलुकतिर भासिएका छन् । नेपालमा बसेर केही गर्छु भन्ने सपना बोकेका युवा पलायनको बिकल्प देखिरहेका छैनन् । मन्त्रालयमा गरिएका बिलासी गतिबिधिले चालुखर्च चुलिएको छ र पूँजीगत खर्च न्यून बन्न पगेको छ । बागमती प्रदेश सरकारको समुदायमा आधारित ‘एकवडा एक कृषिउत्पादन कार्यक्रम’ चालू आर्थिक वर्षमा बजेट अभावका कारण खुम्चिएको छ । प्रदेशभर कृषिउत्पादनमा आत्मनिर्भर वडा निर्माण गर्ने लक्ष्यसहित सुरु गरिएको महत्वाकांक्षी कार्यक्रममा सरकारले बजेट बिनियोजन गर्न सकेको छैन । भाषणमा मात्र उत्पादनका कुरा गर्ने प्रबृत्ति पुन दोहोरिएको छ । प्रदेश सरकासँग बजेट अभावकै कारण यसवर्ष ५ वटा स्थानीय तहमा मात्रै कार्यान्वयन हुने भएको छ ।

प्रदेश सरकारले २०८०/८१ देखि कार्यान्वयनमा ल्याएको यो कार्यक्रम हालसम्म बागमती प्रदेशका ७५ वटा स्थानीय तहमा सञ्चालन भइसकेको थियो । तीमध्ये ४५ स्थानीय तहमा कृषिबाली उत्पादन र ३० स्थानीय तहमा पशुपन्छी तथा मत्स्यजन्य उत्पादन कार्यक्रम कार्यान्वयन हुँदै आएका छन् । चालू आर्थिक वर्षमा भने कृषिबाली उत्पादनतर्फ ३ वटा स्थानीय तह र पशुपन्छी तथा मत्स्यजन्य उत्पादनतर्फ २ वटा स्थानीय तहमा मात्रै कार्यक्रम सञ्चालनको तयारी भइरहेको छ । सम्बन्धित स्थानीय तहसँगको सम्झौता प्रक्रिया अन्तिमचरणमा पुगेको जनाइएको छ । समुदायमा आधारित खेतीप्रणालीको अनुशरण गर्दै कृषिउत्पादन, प्रशोधन र बजारीकरणमार्फत वडा तहमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले प्रदेश सरकारले यो कार्यक्रम अघि बढाएको थियो । हालसम्म १४ स्थानीय तहमा तरकारीखेती, ११ मा कफी, ५ स्थानीय तहमा आलुखेती हुँदै आएको छ । प्रदेशका ३ वटा पालिकामा सुन्तला र तीन वटामा किवीखेती गरिएको छ । यस्तै कागती, च्याउ, अलैंची, लिची, मसलाबाली, मेवा, कोदो र फूल उत्पादन पनि एक-एक स्थानीय तहमा सञ्चालनमा छन् । पशुपन्छी तथा मत्स्यजन्य उत्पादनतर्फ बागमती प्रदेशका १६ स्थानीय तहमा गाईभैंसीपालन, ८ मा बाख्रापालन, दुई-दुई स्थानीय तहमा चौरी र माछापालन, तथा एक स्थानीय तहमा लोकल कुखुरा र भेडापालन कार्यक्रम सञ्चालनमा छन् । तर, चालू आर्थिक वर्षमा बजेट अभावका कारण दुई स्थानीय तहमामात्रै सम्झौता हुन लागेको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक गौरीमान श्रेष्ठले जानकारी दिए ।

एकवडा एक कृषिउत्पादन कार्यविधि २०८० अनुसार कार्यक्रम सञ्चालनमा प्रदेश सरकारको ६० प्रतिशत, स्थानीय तहको २० प्रतिशत र कृषक समूह वा सहकारीको २० प्रतिशत लागत साझेदारी रहने व्यवस्था छ । कार्यक्रममा सहभागिता जनाउन कृषि, पशुपन्छी वा मत्स्यक्षेत्रमा कार्यरत २५ जना वा सोभन्दा बढी सदस्य भएको वडा कार्यालयमा सूचीकृत समूह वा कृषि सहकारी हुनुपर्नेछ । प्रदेश सरकारले सम्झौता भएको पहिलो वर्ष ४० लाख रुपैयाँ बजेट उपलब्ध गराउने र दोस्रो वर्षदेखि क्रमश: वार्षिक ३० लाख रुपैयाँ भुक्तानी गर्दै जाने व्यवस्था गरेको छ । चालू आर्थिक वर्षबाट सम्झौता भएका स्थानीय तहले भने वार्षिक ३० लाख रुपैयाँ पाउनेछन् । कार्यक्रम कार्यान्वयनका लागि कृषिमन्त्रीको अध्यक्षतामा निर्देशक समिति र निर्देशनालयका निर्देशक संयोजक रहने कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन गरिएको छ । यी समितिले स्थानीय तह छनोट, नीति निर्देशन, कार्यान्वयन सहजीकरण, अनुगमन तथा मूल्यांकन गर्ने जिम्मेवारी पाएका छन् । छनोट भएका वडा तथा लक्षित समुदायसँगको संझौतामा अधिकतम ५ वर्षसम्म कार्यक्रम सञ्चालन हुनेछ ।

# लागुऔषधको नाममा भेनेजुएलाको तेलमाथि अमेरिकी वक्रदृष्टि



✍गणेश अम्गाई

भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोलाई संयुक्त राज्य अमेरिकाले पक्राउ गरेको घटना २१ औं शताब्दीको अन्तर्राष्ट्रिय राजनीतिमा एउटा कालो र अभूतपूर्व भूकम्पका रूपमा देखा परेको छ । यसले वासिङ्टनको ‘ग्लोबल पुलिस’ बन्ने पुरानो र खतरनाक महत्वाकांक्षालाई पुन: उजागर गरेको छ, जहाँ उसले कुनै पनि सार्वभौम राष्ट्रको अस्तित्वलाई आफ्नो स्वार्थको तराजुमा जोख्ने गर्दछ । संयुक्त राष्ट्रसंघको बडापत्रले स्पष्ट रूपमा एउटा सदस्य राष्ट्रले अर्को राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप गर्न नपाउने र क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्ने व्यवस्था गरे पनि अमेरिकाले त्यसलाई रद्दीको टोकरीमा फालिदिएको छ । एक बहालवाला राष्ट्रपतिलाई सैन्य बलमार्फत नियन्त्रणमा लिनुले ‘शक्तिशाली नै कानुन हो’ भन्ने पाशविक धारणालाई स्थापित गरेको छ ।

यो केवल मदुरोको गिरफ्तारी मात्र होइन, बरु विश्वका साना र स्वाभिमानी राष्ट्रहरूको सार्वभौमिकता माथिको ठाडो प्रहार हो, जसले कागजी कानुन भन्दा बन्दुकको बल हाबी हुने अराजक युगको संकेत गर्दछ । यस घटनाले कूटनीतिक उन्मुक्तिको शताब्दीयौं पुरानो मर्यादालाई समेत लज्जास्पद ढंगले ध्वस्त पारेको छ । भियना महासन्धि अनुसार राष्ट्रप्रमुखहरूलाई प्राप्त हुने फौजदारी अभियोगबाट उन्मुक्तिको प्रावधानलाई अमेरिकाले आफ्नो अहंकारपूर्ण ‘डिक्ट्याट’ मार्फत खारेज गरिदिएको छ । यदि कुनै पनि शक्तिशाली देशले आफूलाई मन नपर्ने अर्को देशको नेतालाई अपराधी करार गरेर घरैबाट उठाउन थाल्ने हो भने, विश्वमा कूटनीतिको कुनै अर्थ बाँकी रहने छैन । अमेरिकाको यो हठले अन्तर्राष्ट्रिय संवादको वातावरणलाई विषाक्त बनाइदिएको छ र विश्व नेताहरू बीचको आपसी विश्वासलाई पूर्णत: समाप्त पारेको छ ।

अबका दिनमा कूटनीति वार्ता र सहमतिको माध्यम नभई वासिङ्टनको पक्राउ पुर्जीको डर देखाएर गला रेट्ने हतियारको रूपमा विकसित हुने निश्चित छ, जसले विश्व व्यवस्थालाई थप असुरक्षित र अनिश्चिततातर्फ धकेल्नेछ । इतिहास साक्षी छ कि जब एउटा साम्राज्यले नियम तोड्छ, त्यसले विश्वभरि नै अराजकताको विजारोपण गर्छ । अमेरिकाले मदुरोलाई पक्राउ गरेर एउटा यस्तो खतरनाक नजिर स्थापित गरेको छ, जसको सिको भोलि अन्य उदीयमान शक्तिहरूले पनि गर्न सक्छन् । यसले अन्तर्राष्ट्रिय सम्बन्धलाई ‘जंगलको कानुन’ तर्फ फर्काएको छ, जहाँ साना र विकासोन्मुख देशहरूको राजनीतिक नेतृत्व जुनसुकै बेला बाह्य शक्तिको बन्धक बन्न सक्छ । अमेरिकाको यो कदमले बहुध्रुवीय विश्वमा सैन्य क्षमतालाई नै अन्तिम सत्य सावित गरिदिएको छ, जसले गर्दा अब साना राष्ट्रहरूले विकासमा खर्च गर्नुपर्ने रकम आफ्नो सुरक्षा र सैन्य सुदृढीकरणमा लगाउन बाध्य हुनेछन् । यो नजिरले विश्वलाई स्थिरता र शान्तिबाट टाढा लैजाँदै निरन्तरको भय, आशंका र सम्भावित सैन्य मुठभेडको सुरुङभित्र छिराइदिएको छ ।

शक्ति र आन्तरिक कानुनको अन्तर्राष्ट्रीयकरण गर्ने अमेरिकी प्रवृत्तिले कानुनी साम्राज्यवादको कुरूप अनुहार देखाएको छ । अमेरिकाले मदुरोमाथि लगाएको ‘नार्को-टेररिज्म’ को आरोप उसको घरेलु क्षेत्राधिकारको विषय हुन सक्ला, तर त्यसलाई आधार बनाएर अर्को सार्वभौम देशको भू-भागमा सैन्य अपरेसन चलाउनु सरासर डकैती हो । के अमेरिकाको कुनै स्थानीय अदालतले जारी गरेको वारेन्ट विश्वको सर्वोच्च कानुन हुन सक्छ ? यो प्रश्नले अन्तर्राष्ट्रिय फौजदारी न्याय प्रणालीको धज्जी उडाएको छ । यदि विश्वका सबै देशले आफ्नो घरेलु कानुनलाई यसरी नै विश्वव्यापी रूपमा लाद्न खोजे भने कानुनी द्वन्द्वको यस्तो स्थिति आउनेछ जहाँ कोही पनि सुरक्षित रहने छैन । यसले स्पष्ट पार्छ कि अमेरिकाका लागि कानुन केवल एउटा आवरण मात्र हो, जसको आडमा उसले आफ्नो भू-राजनीतिक प्रभुत्व कायम राख्न जुनसुकै हदसम्म गिर्न सक्छ ।

भेनेजुएलाको आन्तरिक राजनीतिक भविष्यलाई लिएर गरिएको यो हस्तक्षेपले त्यहाँ लोकतन्त्र होइन, बरु भयावह गृहयुद्ध निम्त्याउने देखिन्छ । मदुरोलाई पक्राउ गरेपछि सिर्जना भएको नेतृत्वको रिक्तता र त्यहाँको सेना तथा मदुरो समर्थकहरूको आक्रोशले देशलाई रक्तपातपूर्ण हिंसातर्फ धकेल्ने निश्चित छ । अमेरिकाले सधैं ‘मुक्ति’ को नाममा हस्तक्षेप गर्ने तर पछि त्यो देशलाई खण्डहर बनाएर छोड्ने इतिहास फेरि दोहोरिने जोखिम छ । एकातिर विपक्षीलाई सत्ता सुम्पने अमेरिकी दाउ र अर्कोतिर मदुरो पक्षधर लडाकुहरूको सशस्त्र विद्रोहले भेनेजुएलालाई अर्को सिरिया वा लिबिया बनाउन सक्छ । आर्थिक संकटले जकडिएको देशमा सुरु हुने यो राजनीतिक हिंसाले त्यहाँका नागरिकहरूको जीवनलाई झन् नर्कतुल्य बनाउनेछ । कुनै पनि बाह्य हस्तक्षेपले लोकतन्त्र ल्याउँदैन, बरु केवल विभाजन र विनाश मात्र ल्याउँछ भन्ने तथ्य वासिङ्टनले बुझ्न चाहेको छैन ।

यो सम्पूर्ण खेलको पछाडि लुकेको मुख्य स्वार्थ भनेको भेनेजुएलाको विशाल तेल भण्डार माथिको अमेरिकी गिद्धे दृष्टि हो । विश्वकै सबैभन्दा ठूलो प्रमाणित तेल भण्डार भएको देशलाई आफ्नो नियन्त्रणमा राखेर ओपेक जस्ता संगठनहरूको शक्ति कमजोर पार्ने र विश्व ऊर्जा बजारमा आफ्नो एकाधिकार जमाउने अमेरिकी रणनीति यसमा स्पष्ट देखिन्छ । मदुरोलाई हटाएर आफ्नो ‘कठपुतली’ सरकार बनाउन सके अमेरिकाले इन्धनको मूल्य र आपूर्तिलाई आफ्नो स्वार्थ अनुकूल चलाउन पाउनेछ । तर, यसको अर्को पाटो भनेको भेनेजुएलामा हुने सम्भावित अशान्तिले तेल उत्पादन ठप्प भई विश्व बजारमा इन्धनको मूल्य आकाशिन सक्छ । तेलको यो घृणित राजनीतिले भेनेजुएलाको स्वाधीनतालाई मात्र होइन, बरु विश्व अर्थतन्त्रलाई नै गम्भीर जोखिममा पारेको छ, जसको मूल्य अन्तत: गरिब जनताले चुकाउनुपर्नेछ । ल्याटिन अमेरिकामा अमेरिकाको यो कदमले शीतयुद्धकालीन ‘मोनरो डक्ट्रिन’ को पुनरागमन भएको पुष्टि गर्छ । दक्षिण अमेरिकी क्षेत्रलाई आफ्नो ‘पछाडिको आँगन’ सम्झने अमेरिकी सोचले क्षेत्रीय सुरक्षा र भू-राजनीतिक सन्तुलनलाई तहसनहस पारेको छ । कोलम्बिया र ब्राजिल जस्ता देशहरूलाई आफ्नो प्रभावमा पारेर क्युबा र निकारागुआ जस्ता देशहरूलाई तर्साउने यो कदमले दक्षिण अमेरिकालाई दुई वैचारिक र सैन्य धारमा विभाजित गरिदिएको छ ।

क्षेत्रीय संगठनहरूलाई आफ्नो स्वार्थ पूरा गर्ने औजार बनाउन खोजा यो क्षेत्र महाशक्तिहरूको द्वन्द्वको मैदान बन्ने खतरा बढेको छ । साना देशहरूले अब आफ्नो अस्तित्व जोगाउनका लागि कडा सैन्यीकरण गर्नुपर्ने वा कुनै एउटा साम्राज्यवादी गुटको शरणमा जानुपर्ने विवशता सिर्जना भएको छ, जुन क्षेत्रीय शान्तिका लागि घातक छ । रुस र चीन जस्ता अन्य महाशक्तिहरूको उपस्थितिलाई बेवास्ता गर्दै चालिएको यो कदमले विश्वव्यापी प्रोक्सी युद्ध को खतरा बढाएको छ । भेनेजुएलामा रुस र चीनको अर्बौं डलरको लगानी र रणनीतिक स्वार्थ रहेको कुरालाई नजरअन्दाज गरेर अमेरिकाले सिधै मस्को र बेइजिङलाई चुनौती दिएको छ ।

मदुरोको गिरफ्तारीलाई रुसले आफ्नो प्रभाव क्षेत्रमाथिको प्रत्यक्ष प्रहारको रूपमा लिनेछ भने चीनले आफ्नो ऊर्जा सुरक्षामाथिको आक्रमण मान्नेछ । यसले वासिङ्टन, मस्को र बेइजिङ बीचको तनावलाई यस्तो बिन्दुमा पुर्‍याएको छ जहाँबाट सानो गल्तीले पनि विश्वव्यापी संघर्ष निम्त्याउन सक्छ । अमेरिकाको यो हतारो र बलजफ्तीपूर्ण कदमले भेनेजुएलालाई विश्वका महाशक्तिहरू बीचको वर्चस्वको लडाइको एउटा प्रमुख र खतरनाक मोर्चा बनाइदिएको छ, जसले विश्व शान्तिलाई नै जोखिममा पारेको छ । संयुक्त राष्ट्रसंघ जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको निरीहता यो प्रकरणमा नाङ्गो रूपमा देखिएको छ । यति ठूलो सैन्य हस्तक्षेप र एक राष्ट्रप्रमुखको अपहरण हुँदा पनि राष्ट्रसंघ केवल एउटा मुकदर्शक बन्नु र प्रभावहीन विज्ञप्तिमा सीमित हुनुले यसको सान्दर्भिकता माथि नै कालो बादल मडारिएको छ । शक्तिशाली देशले आफू अनुकूल हुँदा राष्ट्रसंघलाई ढाल बनाउने र प्रतिकूल हुँदा त्यसको अस्तित्वलाई नै नमान्ने अमेरिकी प्रवृत्तिले विश्व संस्थागत संरचना पूर्णत: असफल भएको प्रमाणित गर्छ ।

सुरक्षा परिषद्मा हुने भिटो शक्तिको दुरुपयोग र ठूला शक्तिहरूको दादागिरीले राष्ट्रसंघलाई एउटा अर्थहीन बहस गर्ने थलोमा मात्र सीमित गरिदिएको छ । यदि राष्ट्रसंघले विश्वका नेताहरूको सुरक्षा र देशहरूको सार्वभौमिकता जोगाउन सक्दैन भने यस्ता संस्थाहरूको औचित्य के ? यो घटनाले ‘नियममा आधारित विश्व व्यवस्था’ को नारालाई एउटा पाखण्ड मात्र सावित गरिदिएको छ । अमेरिकाले यस कदमलाई लोकतन्त्र र मानव अधिकारको रक्षाको रूपमा जतिसुकै लेपन गरे पनि यो शुद्ध रूपमा आधुनिक साम्राज्यवादको घिनलाग्दो स्वरूप हो । इतिहासमा अमेरिकाले जहाँ-जहाँ ‘रेजिम चेन्ज’ (शासन परिवर्तन) को प्रयास गर्‍यो, त्यहाँ केवल अस्थिरता, गरिबी र रगतको खोलो मात्र बगेको छ । मदुरोका आन्तरिक कमजोरीहरूलाई भेनेजुएलाकै जनताले समाधान गर्न पाउनुपर्नेमा सैन्य हस्तक्षेप मार्फत राष्ट्रपतिलाई नै पक्राउ गर्नुले जनताको आत्मनिर्णयको अधिकारको धज्जी उडाएको छ ।

लोकतन्त्र बन्दुकको नालबाट होइन, बरु जनताको चाहनाबाट आउनुपर्ने हो, तर अमेरिकाका लागि ‘लोकतन्त्र’ केवल आफ्नो स्वार्थ अनुकूलको सत्ता परिवर्तन गर्ने एउटा बहाना मात्र बनेको छ । यो घटनाले विश्व राजनीतिमा नैतिकता र न्याय भन्दा पनि रणनीतिक स्वार्थ र पाशविक शक्ति प्रधान भएको कुरालाई पुन: एकपटक पुष्टि गरिदिएको छ । मदुरो प्रकरणबाट नेपाल जस्ता साना र भू-राजनीतिक रूपमा संवेदनशील राष्ट्रहरूले सिक्नुपर्ने मुख्य पाठ भनेको ‘शक्तिशालीको स्वार्थ र अन्तर्राष्ट्रिय कानुन बीचको खाडल’लाई बुझ्नु हो । यो घटनाले के पुष्टि गरेको छ भने, संकटको घडीमा अन्तर्राष्ट्रिय कानुन र संस्थाहरूले साना देशको सार्वभौमिकता जोगाउने ग्यारेन्टी दिन सक्दैनन् । त्यसैले, नेपालले कुनै पनि एउटा महाशक्तिको सैन्य वा रणनीतिक सुरक्षा छातामा ओत लाग्नुको सट्टा असंलग्न परराष्ट्र नीतिलाई थप दृढताका साथ अगाडि बढाउनुपर्छ ।

सुझावको रूपमा, नेपालले आफ्नो आन्तरिक राजनीतिमा बाह्य शक्तिलाई खेल्ने ठाउँ नदिन राष्ट्रिय एकता कायम राख्नुपर्छ, किनकि आन्तरिक विभाजन नै बाह्य हस्तक्षेपको पहिलो ढोका हो । साथै, आर्थिक रूपमा आत्मनिर्भर बन्नु र ऊर्जा तथा खाद्यान्नमा ‘परनिर्भरता’ कम गर्नु अनिवार्य छ, ताकि कुनै पनि महाशक्तिले आर्थिक प्रतिबन्ध वा दबाबलाई हतियार बनाउन नसकोस् । नेपालले विश्व मञ्चमा साना राष्ट्रहरूको सामूहिक आवाज बुलन्द गर्दै ‘नियममा आधारित विश्व व्यवस्था’ को वकालत गरिरहनुपर्छ, तर सँगसँगै आफ्नो राष्ट्रिय सुरक्षाका लागि केवल कानुनी कागजातमा मात्र भर नपरी बलियो कूटनीतिक ‘बार्गेनिङ पावर’ र आन्तरिक स्थिरता विकसित गर्नु नै बुद्धिमानी हुनेछ ।

अन्त्यमा, निकोलस मदुरोको गिरफ्तारीले विश्व राजनीतिलाई एउटा यस्तो अन्धकारमय मोडमा ल्याइदिएको छ जहाँ शक्ति नै कानुनको स्रोत बनेको छ । अमेरिकाको यो साम्राज्यवादी अहंकारले अन्तर्राष्ट्रिय कानुनका सबै मर्यादाहरूलाई लत्याउँदै शक्ति सन्तुलनको नयाँ र कठोर नियमहरू स्थापित गर्न खोजेको छ । यसले एकातिर भेनेजुएलालाई अनिश्चित भविष्य र सम्भावित विखण्डनतर्फ धकेलेको छ भने अर्कोतिर विश्वका अन्य राष्ट्रहरूलाई आफ्नो सार्वभौमिकता जोगाउन कठिन संघर्ष गर्नुपर्ने सन्देश दिएको छ । महाशक्तिहरू बीचको बढ्दो टकराव र अन्तर्राष्ट्रिय संस्थाहरूको लाचारीले आगामी दशक विश्व राजनीतिको लागि अत्यन्तै चुनौतीपूर्ण र हिंसात्मक हुने स्पष्ट संकेत गर्दछ । अबको विश्व व्यवस्था न्याय र समानतामा होइन, बरु सैन्य र आर्थिक सामर्थ्यको अहंकारमा आधारित हुनेछ, जसको ठूलो मूल्य भेनेजुएला जस्ता साना राष्ट्र र त्यहाँका निर्दोष नागरिकहरूले चुकाउनुपर्ने निश्चित छ ।

*(साभार: अनलाइनखबर)*

# विकल्पको भ्रम र उत्तरदायित्वको संकट

✍दीपक रिजाल

मुलुक आज अनिश्चय र अँध्यारोको भुमरीमा रुमल्लिएको छ । राजनीतिक दिशाहीनता, तीव्र ध्रुवीकरण र भूराजनीतिक दबाबले नेपाललाई गम्भीर मोडमा पुर्‍याएको छ । दलहरू सत्ता अंकगणितमा सीमित छन्, जनजीवनका वास्तविक संकट व्यवस्थापनमा होइनन् । मुलुक चलाउने दायित्व बोकेका शक्तिहरूको प्राथमिकता आज जनताको भविष्य होइन, फागुन २१ पछि संसद्को अंकगणित के हुन्छ भन्नेमा केन्द्रित भएको देखिन्छ । अहिले त अवस्था यस्तो छ कि केही दलहरूले भोलि को प्रधानमन्त्री हुने भन्ने नाम नै किटान गरेर ‘प्रधानमन्त्री बाँडिसकेका’ छन् । तर देश कुन दिशातर्फ जाँदै छ, अर्थतन्त्र कसरी उठ्छ, युवाको पलायन कसरी रोकिन्छ, भूराजनीतिक सन्तुलन कसरी कायम हुन्छ ? यी प्रश्नहरू कसैको एजेन्डामा छैनन् । पुराना दलहरूबीचको ध्रुवीकरण त छँदै छ, नयाँ भनिएका दलहरू पुरानालाई गाली गरेरै आफ्नो राजनीतिक अस्तित्व प्रमाणित गर्न व्यस्त छन् । आलोचना आफैंमा गलत होइन, तर विकल्पको राजनीति गालीमै सीमित हुँदा त्यो विकल्प पनि पुरानै रोगको नयाँ नाम मात्र बन्छ ।

कुशासन, भ्रष्टाचार, नेपोबेबीज्म ( आफन्तवाद) आज सबैको भाषणको साझा विषय बनेको छ । तर प्रश्न यही छ, कुन दलले यी विषयलाई व्यवहारमा उतार्‍यो ? भाषणमा होइन, निर्णय र कार्यान्वयनमा कुन दल इमानदार देखियो ? यही नै राजनीतिक मूल्यांकनको आधार हुनुपर्थ्यो, तर दुर्भाग्यवश त्यो हुन सकेको छैन । एउटा घर व्यवस्थापन गर्न घरमुलीलाई कति सजग, संयमी र उत्तरदायी हुनुपर्छ भन्ने सबैलाई थाहा छ । तर मुलुक चलाउने पात्र त्यसभन्दा सयौं गुणा गम्भीर हुनुपर्छ । नेपालमा यस्ता पात्रको जन्म भएको छ त ? यो प्रश्न आज आम मानिसको मनमा गुञ्जिरहेको छ । पुराना दलहरूले केही गरेनन् भनेर जन्मिएका दलहरूले समानुपातिक सूची बुझाउँदा देखाएको गाईजात्राले अब भ्रम पालिरहनुपर्ने अवस्था बाँकी छैन । आलोचना बढेपछि ‘हतारमा सूची तल-माथि पर्‍यो’ भन्ने स्पष्टीकरण आउँछ । के राज्य सञ्चालन यस्तै हतार र लापरबाहीबाट हुन्छ त ? प्रश्न यहाँ गम्भीर भएर उठेको छ । यही हो नयाँ दलप्रति युवा पुस्ताले देखाएको आकर्षणको यथार्थ परीक्षा । भाषण गर्न सजिलो हुन्छ, तर संस्थागत, जिम्मेवार र दीर्घकालीन निर्णय लिन किन यति कठिन देखिन्छ ।

नेपालको संविधानले समानुपातिक निर्वाचन प्रणालीलाई सामाजिक न्याय, समावेशी प्रतिनिधित्व र ऐतिहासिक रूपमा राज्यबाट बहिष्कृत समुदायलाई राजनीतिक मूलधारमा ल्याउने उच्च उद्देश्यसहित स्वीकार गरेको थियो । महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडिएका क्षेत्र तथा समुदायको आवाज संसद् र राज्यका निर्णायक तहसम्म पुर्‍याउने यो व्यवस्था कागजमा अत्यन्त प्रगतिशील देखिन्छ तर व्यवहारमा यही प्रणाली दलहरूको आन्तरिक शक्ति सन्तुलन मिलाउने, नजिकका मान्छे पुरस्कृत गर्ने र नेतृत्वप्रतिको निष्ठालाई इनाम दिने माध्यममा रूपान्तरण हुँदै गएको छ ।

समानुपातिक प्रणालीको मर्म जनसंख्या, पहिचान र सामाजिक यथार्थका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्नु हो । तर आज समानुपातिक सूची तयार गर्दा योग्यता, सामाजिक योगदान, संघर्षको इतिहास वा समुदायप्रतिको दीर्घकालीन प्रतिबद्धता गौण बन्दै गएको छ । सूचीमा कसको नाम पर्छ भन्ने निर्णय पार्टीभित्रको शक्ति समीकरण, अध्यक्ष वा शीर्ष नेतासँगको निकटता र गुटगत निष्ठाले तय गर्ने गरेको देखिन्छ । यसरी समानुपातिक सिट जनताको प्रतिनिधित्व गर्ने संरचना नभई पार्टीभित्र ‘पुरस्कार बाँड्ने प्रणाली’मा सीमित हुँदै गएको छ ।

राजनीतिक दलहरू सार्वजनिक रूपमा समावेशिताको पक्षमा ठूला-ठूला भाषण गर्छन् तर व्यवहारमा समानुपातिक सूचीले त्यही पुरानै सत्ताको संरचना दोहोर्‍याइरहेको छ । नाम मात्र फरक, अनुहार मात्र नयाँ, तर शक्ति संरचना उही, केन्द्रमा सीमित केही व्यक्तिहरूको नियन्त्रण रहेको देखिन्छ । आज संसद्मा समानुपातिक प्रणालीबाट पुगेका धेरै प्रतिनिधि जनताप्रति होइन, आफूलाई सूचीमा राखिदिने नेताप्रति उत्तरदायी भएको देखिएको छ । उनीहरूको राजनीतिक भविष्य मतदाताको मूल्यांकनमा होइन, पार्टी नेतृत्वको कृपामा निर्भर हुन्छ । यही कारण संसद्मा उनीहरू न त स्वतन्त्र आवाज उठाउन सक्छन्, न त नीतिगत बहसमा दृढरूपमा उभिन सकेको देखिन्छ ।

यस प्रक्रियाबाट जनसंघर्षबाट खारिएका, समुदायको प्रतिनिधित्व गर्ने सक्षम कार्यकर्ता भन्दा नेतृत्वप्रति निष्ठावान् तर जनउत्तरदायित्वबाट टाढा रहेका व्यक्तिहरू संसद् छिर्ने गरेका छन् । राजनीतिक भाषामा चर्चित ‘नेपोबेबी’ नेताका छोरा-छोरी, नातागोतासँगै सेलिब्रेटी, कलाकार, नवधनाढ्य र एलिट वर्गको संसद् कब्जा बढ्दो छ । समानुपातिक प्रणालीको दुरुपयोगले संसद्लाई क्रमश: एलिट क्लबतर्फ धकेलिरहेको छ । आर्थिक रूपमा बलिया, सामाजिक रूपमा पहुँच भएका र मिडियामा चिनिएका अनुहारहरूलाई प्राथमिकता दिइँदा वास्तविक रूपमा आवाजविहीन समुदाय फेरि पनि पछाडि पारिएका छन् । विडम्बना के छ भने, जनआन्दोलन, मजदुर संघर्ष, महिला आन्दोलन, दलित अधिकार वा आदिवासी मुद्दाबाट राजनीति थालेका थुप्रै सक्षम कार्यकर्ता सूचीको वरियतामा तल पारिन्छन् । उनीहरूभन्दा माथि नेता निकटका, लोकप्रिय अनुहार भएका तर राजनीतिक दृष्टि र अनुभव कमजोर व्यक्तिहरू राखिन्छन् । यसले संसद्को गुणस्तर मात्र होइन, लोकतान्त्रिक अभ्यासको गहिराइलाई समेत कमजोर बनाएको छ ।

अझ चिन्ताजनक पक्ष के छ भने, यो प्रवृत्ति पुराना दलहरूमा मात्र सीमित छैन । परिवर्तन, वैकल्पिक राजनीति र नयाँ संस्कृतिको दाबी गर्दै उदाएका नयाँ दलहरूमा त यो झनै स्पष्ट देखिन्छ । पुराना दलको आलोचना गर्दै आएका यी दलहरूले समेत समानुपातिक सूचीलाई ‘आन्तरिक सन्तुलन मिलाउने’ वा ‘प्रभावशाली अनुहार भित्र्याउने’ औजारका रूपमा प्रयोग गरेका छन् । यसले नयाँ दलहरूको नैतिक आधारमाथि गम्भीर प्रश्न उठाएको छ । यदि विकल्पको राजनीति पनि उही नेपोवाद, एलिटवाद र व्यक्ति केन्द्रित निर्णय प्रक्रियामा सीमित रहन्छ भने जनताले नयाँ र पुरानो दलबीच के फरक देख्ने ? यही प्रश्न आज आम मतदाताको मनमा उब्जिएको हुनुपर्दछ ।

समानुपातिक प्रणाली संविधानको आत्मा मानिन्छ । यसले राज्य संरचनामा रहेको ऐतिहासिक असमानता सच्याउने लक्ष्य राखेको छ । तर जब यही प्रणाली दलीय स्वार्थ, गुटगत राजनीतिलाई मजबुत बनाउने हतियार बन्छ, तब संविधानको मर्ममाथि नै प्रहार हुन्छ । समावेशिताको नाममा प्रतिनिधित्व पाएका व्यक्तिहरूले आफ्नै समुदायका मुद्दा उठाउन नसक्नु, उठाउन नचाहनु वा उठाउँदा पनि प्रभावहीन हुनु यसको प्रत्यक्ष उदाहरण हो । प्रतिनिधित्व संख्या मात्र होइन, प्रभाव र निर्णय क्षमतासँग जोडिएको विषय हो । जुन अहिलेको समानुपातिक अभ्यासमा हराउँदै गएको छ ।

*क्रमश: पृष्ठ-३.....*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस २२ गते मंगलबार ६ जनवरी २०२६ । तृतीया, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५७ सूर्यास्त ५:२२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : बादविवाद बढ्ने | तुला | : चिन्ता बढ्ने |
| वृष | : घरेलु काममा रुचि | वृश्चिक | : मान मर्यादामा वृद्धि |
| मिथुन | : प्रयासहरु फलदायी हुने | धनु | : लेनदेनको विवाद बढ्ने |
| कर्कट | : कुरा काट्नेहरु सक्रियता | मकर | : स्वास्थ्यमा सुधार हुने |
| सिंह | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | कुम्भ | : अध्ययनमा प्रगति हुने |
| कन्या | : अरुको विश्वास जित्न सकिने | मीन | : रोग एवम् चिन्ता बढ्ने |

# नागढुंगा सुरुङ व्यावसायिक सञ्चालन मिति फेरि अनिश्चित



काठमाडौं/सरकारले १ जनवरी २०२६ मै व्यावसायिक सञ्चालनमा ल्याउने घोषणा गरेको नागढुंगा सुरुङमार्ग सञ्चालन मिति फेरि अनिश्चित बनेको छ । एकातर्फ सुरुङ सञ्चालन गर्ने कम्पनी छनोटमा भएको ढिलाइ र अर्कातर्फ टोल प्लाजा निर्माणमा समय लाग्दा सुरुङमार्ग सञ्चालन मिति अनिश्चित बनेको हो ।

सडक विभागका महानिर्देशक डा. विजय जैसी भन्छन्, 'सबै काम प्रक्रियामा छन्, तर ठ्याक्कै यसै मितिदेखि सुरुङमार्ग व्यावसायिक सञ्चालन हुन्छ भन्ने सकिने अवस्था रहेन ।' उनका अनुसार सुरुङमार्गको धादिङतर्फको प्रवेशद्वारमै ठूलो पहिरो छ । त्यो पहिरो वर्षायाममा समेत नझर्ने गरी स्थायी समाधानको काम गर्नुपर्ने छ । त्यो काम गरिसकेपछि टोल प्लाजासमेत सोही स्थानमा बन्ने छ ।

प्लाजा नबनेसम्म सुरुङमार्ग हुँदै व्यावसायिक सवारी चल्न दिइने छैन । किनकि, यो सुरुङमार्ग प्रयोग गरेबापत प्रयोगकर्ताले शुल्क तिर्नुपर्छ । टोल प्लाजा निर्माणको काम काठमाडौंतर्फ समेत सकिएको छैन । 'गाडी मात्र चलाउन अब समस्या छैन,' उनी भन्छन्, 'तर, सुरुङमार्गलाई व्यावसायिक सञ्चालन गर्न जारी प्रक्रिया पूरा हुनुपर्छ ।'

आयोजनाका अनुसार अहिले जमिन भासिएको स्थानमा दीर्घकालीन रोकथामको काम नगरे आगामी मनसुन वा ठूलो वर्षात् भएको दिन इन्ट्री/एक्जिटद्वारमा नै जोखिम हुने देखिएको छ ।

सरकारले नागढुंगा सुरुङ निर्माण आयोजनाका लागि जापान सरकारबाट थप ५ अर्ब ७० करोड जापानी येन बराबरको सहुलियतपूर्ण ऋण लिएर काम गर्दैछ ।

**सञ्चालन/व्यवस्थापन गर्ने कम्पनी छनोट समेत अन्योलमा**

यो सुरुङमार्ग सञ्चालन र व्यवस्थापनको जिम्मा भने सडक विभागले सोही काममा विज्ञता हासिल गरेको कम्पनीलाई दिने तयारी गरेको छ । त्यसका लागि बोलपत्र आह्वान समेत भइसकेको छ । उक्त बोलपत्रको दोस्रो पटक म्याद थप भइसकेको छ । पछिल्लो समय ३० पुससम्म म्याद राखेर बोलपत्र आह्वान गरिएको छ । उता, सरकारले सुरुङमार्ग प्रयोग गरेबापत तिर्नुपर्ने शुल्कसमेत तोकिसकेको छ ।

यसको व्यवस्थापनको काम भने सडक बोर्डले गर्ने छ । यस्तो शुल्क परीक्षणको काम सम्पन्न भइसकेपछि र सर्वसाधारणको आवतजावत खुला भएपछि लागु हुनेछ ।

**कस्तो बन्यो नागढुंगा सुरुङ ?**

नागढुंगा-सिस्नेखोला सुरुङको कुल लम्बाइ २ हजा ६ सय ८८ मिटर छ । यो आयोजनामा २ हजार ५ सय ५७ मिटर लामो रेस्क्यु टनेल छ । सुरुङ बाहेक यहाँ फ्लाइओभर, पुल, बक्स कल्भर्ट, अन्डरपास र ओभरपास समेत कुल १२ वटा थप संरचना बनेका छन् । सुरुङमार्गलाई त्रिभुवन राजपथसँग जोड्न २.८७ किलोमिटर पहुँचमार्ग बनेको छ । सुरुङसम्म पहुँचमार्गका लागि फ्लाइओभर बनाइएको छ ।

अहिले सडकमा सानो अवरोध हुँदा नौबिसेबाट काठमाडौं आउन घण्टौं जाममा फस्नुपर्छ । सुरुङमार्ग सञ्चालनमा आएपछि यो समय २० मिनेटमा झर्ने छ । यो सुरुङमा मोटरसाइकल र अति प्रज्ज्वलनशील पदार्थ बोकेर हिंड्ने सवारीसाधनले अनुमति पाउने छैनन् । अन्य सवारीसाधन भने धादिङ नौबिसेबाट सुरुङमार्ग हुँदै काठमाडौं प्रवेश गर्न सक्नेछन् ।

**२४ वर्ष अगाडिको सपना**

नेपालको आग्रहमा जापानी सहयोग नियोग (जाइका) ले सन् २००१ (२०५८ साल) मा काठमाडौं-नौबिसे सडक विस्तारको सम्भाव्यता अध्ययन गरेको थियो ।

जाइकाले यो सडकलाई चार लेनमा विस्तार गर्न सम्भव नभएको भन्दै वैकल्पिक सडक बनाउन सुझाव दिएको थियो । त्यसपछिको १० वर्षसम्म यो सडक विस्तार वा विकल्प केमा जाने भन्नेबारे सरकारले कुनै निर्णय गरेन ।

सन् २०११ (२०६८ साल) मा तत्कालीन प्रधानमन्त्री झलनाथ खनालको नेतृत्वको सरकारले नागढुंगामा सुरुङ बनाउने निर्णय गर्‍यो । तत्कालिन अर्थमन्त्री भरतमोहन अधिकारीले पेस गरेको आर्थिक वर्ष २०६८/६९ को बजेटमा नागढुंगा सुरुङ बनाउन बजेट नै विनियोजन भएको थियो । सरकारले सुरुङ बनाउने भनी निर्णय गरेको २ वर्ष पछि २०७० सालमा सडक विभागले प्रारम्भिक अध्ययन प्रतिवेदन बनायो । त्यसपछि सुरुङमार्ग निर्माणका लागि चाहिने प्रारम्भिक कामले गति लिएका थिए ।

२०७३ सालमा जापानका परराष्ट्रमन्त्री नोबुओ किशोको नेपाल भ्रमणका बेला सुरुङमार्गका लागि नेपाललाई सहुलियतपूर्ण ऋण दिने घोषणा जापानले गरेको थियो । त्यो भ्रमण नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६०औं वर्षगाँठका अवसरमा भएको थियो ।

१६ डिसेम्बर २०१६ मा अर्थ मन्त्रालयमा नेपाल र जापानका अधिकारीबीच ऋण सम्झौतामा हस्ताक्षर भएको थियो । सम्झौता अनुसार १६ अर्ब ३६ करोड ६० लाख जापानी येन जापान सरकारले नेपाललाई उपलब्ध गराउने र बाँकी लागत नेपाल सरकारले बेहोर्ने सहमति भएको थियो ।

सुरुङमार्ग र पहुँचमार्ग समेत यो आयोजनाको कुल लागत २२ अर्ब रुपैयाँ हाराहारी हो । जापानी निर्माण कम्पनी हाजमा आन्दो कर्पोरेसनसँग २३ सेप्टेम्बर २०१९ मा खरिद सम्झौता भएको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २२ अक्टोबर २०१९ मा शिलान्यास गरेको यो आयोजनाको कामको थालनी भने १४ नोभेम्बर २०१९ देखि भएको थियो । यो सुरुङ आयोजनाको सञ्चालन आयु ३० वर्षको हो ।

*(स्रोत: अनलाइनखबर)*

# बकैयामा बालविवाह बिरुद्ध सामुहिक प्रतिबद्धता




साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/बकैया गाउँपालिकालाई बालबिबाहमुक्त पालिका बनाउनको लागी बालबिबाह बिरुद्धको प्रतिबद्धता कार्यक्रम सम्पन्न भएको छ ।

बकैया गाउँपालिकाको उपाध्यक्ष भक्तबहादुर खत्रीको सभाध्यक्षता, गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यता, बालिका दुलही होइनन् राष्ट्रिय संजालको अध्यक्ष एवं बालकल्याण समाजको अध्यक्ष प्रकाश खतिवडा तथा सामाजिक विकास संयोजक गोपाल बहादुर न्यासुरको बिशेष आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा स्वतन्त्रता अभियानको सिनियर कार्यक्रम प्रबन्धक प्रतिक्षा केशी, पालिकाको सामाजिक विकास शाखा प्रमुख फटिक रमण प्याकुरेल, महिला बिकाश निरीक्षक होम कुमारी संजेल, बरिष्ट शिक्षा अधिकृत आईतराम तामाङ, रोजगार संयोजक रामचन्द्र खड्का, मनोसामाजिक परामर्शकर्ता शान्ति स्याङ्बो लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रम बकैया गाउँपालिका, बालिका दुलही होइनन् राष्ट्रिय संजाल नेपाल (जिएनबि नेपाल), स्वतन्त्रता अभियान नेपाल र बाल कल्याण समाज मकवानपुरको संयुक्त आयोजनामा भएको थियो । उक्त कार्यक्रम बालबिबाह बिरुद्धको अभियान अन्तर्गतको बालबिबाह, उमेर नपुगेको बिबाह र जबरजस्ती हुने बिबाह बिरुद्ध हस्ताक्षर गर्दै प्रतिबद्धता जनाईएको थियो ।

बकैया गाउँपालिकाको अध्यक्ष धर्मराज लामिछानेले बकैया गाउँपालिकाबाट बालबिबाहमुक्त गर्ने अभियान संचालन गरिएको बताउनु भयो । उहाँले पालिकाले किशोरी लक्षित कार्यक्रम गर्दै उनीहरुले आफैले बालबिबाह नगर्ने निर्णय गर्न सक्ने सशक्तीकरण गर्न सक्ने कार्य गरिरहेकोबारे जानकारी गराउँदै बालबिबाह, उमेर नपुग्दै हुने बिबाह र जबरजस्ती हुने बिबाह अन्त्यको लागी प्रतिबद्धतामा हस्ताक्षर गर्नु भएको थियो ।

बकैया गाउँपालिकाको उपाध्यक्ष भक्त बहादुर खत्रीले बालबिबाह अन्त्य गर्न ज्यादै जटिल रहेको अबस्थामा पनी किशोरी र बालिकाको अधिकार संरक्षणको लागी पालिकाले बिशेष रुपमा यस्ता कार्य गर्नु अपरिहार्य रहेको बताउनु भयो ।

बालिका दुलही होइनन् राष्ट्रिय संजाल नेपालको राष्ट्रिय अध्यक्ष एवं बाल कल्याण समाजको अध्यक्ष प्रकाश खतिवडाले बालबिबाह, उमेर नपुग्दै हुने बिबाह र जबरजस्ती हुने बिबाह अन्त्यको लागी पालिकाले बहुक्षेत्रीय अबधारणा र लैगिंक रुपान्तरणकारी दृष्टिकोणको आधारमा कार्य गरिनु पर्नेमा जोड दिनु भएको थियो ।

बडा अध्यक्ष एवं सामाजिक विकाश संयोजक गोपाल बहादुर न्यासुरले बालबिबाह अन्त्य गर्न टोल विकास संस्था, आमा समूह र बाल क्लबलाई ब्यापक रुपमा परिचालन गर्दै सचेतनामूलक कार्यक्रम संचालन गरिनेबारे बताउनु भएको थियो ।

कार्यक्रममा स्वतन्त्रता अभियानको सिनियर कार्यक्रम प्रबन्धक प्रतिक्षा केशी, पालिकाको सामाजिक विकास शाखा प्रमुख फटिक रमण प्याकुरेल, महिला विकास निरीक्षक होम कुमारी संजेल लगायतले नेपालमा बालबिबाह गैर कानुनी रहेकोबारे बताउनु हुँदै बाल बिबाहको कारणले बालबालिकाको संरक्षण हुन पाउने अधिकार हनन् भई शिक्षा, स्वास्थ्यसहित भबिश्यमा गम्भिर नकारात्मक असर पर्न जाने भएकोले बाल बिबाहको बिरुद्ध नागरिक समाज संस्था र स्थानीय सरकारको कार्यगत एकता आबश्यक रहेको बताउनु भएको थियो ।

उपस्थित स्थानीय सरकार, जनप्रतिनिधी, स्थानीय बालअधिकार समिति, शिक्षक, व्यवसायी, महिला समुह, टोल विकास समूह, पत्रकार, नागरिक समाज सस्था, बालमैत्री सहजकर्ता लगायत सरोकारवालाहरुले सबैको सहकार्यमा बकैया गाउँपालिकालाई बालबिबाहमुक्त पालिका निरन्तर ताको लागी समन्वय र सहकार्य गर्दै कार्य गर्नेगरी प्रतिबद्धता ब्यक्त गरिएको थियो ।

# विकल्पको भ्रम र...

यही विकृत अभ्यासका कारण समानुपातिक प्रणालीप्रति आम नागरिकको विश्वास कमजोर हुँदै गएको छ । 'समानुपातिक भनेको नेताका मान्छे छिराउने बाटो हो' भन्ने धारणा व्यापक बन्दै छ । जब कुनै प्रणालीमाथि जनविश्वास गुम्छ, तब त्यो प्रणाली सुधारको होइन, असन्तोष र अस्वीकारको केन्द्र बन्छ । यसले लोकतन्त्रलाई नै कमजोर बनाउने खतरा बोकेको छ । नागरिकले आफ्नो आवाज संसद्मा पुगेको अनुभूति गर्न सकेनन् भने राजनीतिक प्रक्रियाबाट विमुख हुने सम्भावना बढ्छ । आज देखिएको उदासीनता, आक्रोश र वैकल्पिक खोजी यही निराशाको उपज हो ।

समानुपातिक प्रणाली खारेज गर्नु समाधान होइन । समस्या प्रणालीमा होइन, यसको दुरुपयोगमा छ । आवश्यक कुरा दलभित्र पारदर्शी, मापदण्डमा आधारित र उत्तरदायी सूची निर्माण प्रक्रिया हो । सामाजिक योगदान, राजनीतिक अनुभव, समुदायप्रतिको प्रतिबद्धता र नैतिक आचरणलाई प्राथमिक मापदण्ड बनाउनुपर्छ । साथै, समानुपातिक सांसदलाई पनि प्रत्यक्ष सांसदसरह जवाफदेही बनाउने संरचनागत सुधार आवश्यक छ । पार्टी नेतृत्वको कृपाभन्दा जनताको मूल्यांकन महत्वपूर्ण हुने व्यवस्था नहुँदासम्म यो विकृति रोकिँदैन ।

समानुपातिक सिट जनताको आवाज संसद् पुर्‍याउने माध्यम बन्ने कि सत्ताको सौदाबाजी गर्ने उपकरण बन्ने ? अहिले यो प्रश्न सतीसालजस्तै सीधा भएर उभिएको छ । यो निर्णय अब राजनीतिक दलहरूको इमानदारीमा निर्भर छ । यदि दलहरूले आत्मसमीक्षा नगरे, सुधारको साहस देखाएनन् भने समानुपातिक प्रणाली लोकतान्त्रिक उपलब्धि होइन, असफलताको प्रतीक बन्दै जानेछ । समावेशिताको सपना साकार बनाउने कि त्यसलाई खोक्रो नारामा सीमित राख्ने ? इतिहासले यही प्रश्नमा दलहरूको मूल्यांकन गर्नेछ ।

नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, मधेस केन्द्रित दलहरूले केही गर्न सकेनन् भनेर जन्मिएको राष्ट्रिय स्वतन्त्र पार्टीले के गर्दै आएको छ भन्ने प्रश्न आज गम्भीर बनेको छ । के यो पार्टी साँच्चै मनैदेखि देश बनाउन आएको हो ? यसको उत्तर जनताले नै दिनेछन् । तर यथार्थ के हो भने, रास्वपामा सामेल धेरै अनुहारहरू विगतमा विभिन्न दलमा बसेर पद, प्रतिष्ठा र अवसर लिएका व्यक्तिहरु छन् ।


अवसर पाएसम्म टिक्ने, अवसर सकिएपछि 'विकल्प' खोज्दै नयाँ झन्डामुनि उभिने प्रवृत्ति यहाँ स्पष्ट देखिन्छ । एकपटक अवसर पाएका तर निरन्तरता नपाएका पात्रहरू नै अहिले 'नयाँ राजनीति'को आकर्षण बनेको कटु सत्य लुकाउन सकिँदैन । परम्परागत दलहरूको सबैभन्दा ठूलो कमजोरी के हो भने, उनीहरूले समयसापेक्षरूपमा जनअपेक्षा सम्बोधन गर्न सकेनन् । बेथिती मौलायो, भ्रष्टाचार संस्थागत बन्यो, नेता-कार्यकर्ता कमाउ धन्दामा लागे । यसको परिणामस्वरूप नेपाल बिस्तारै विदेशी शक्तिहरूको खेल मैदानजस्तो बन्दै गयो । हिजो जे नहुनुपर्ने थियो, त्यो सबै सतहमा आयो । जे हुनुपर्ने थियो, त्यो कछुवाको गतिमा अघि बढ्यो । यही कारणले जनता चरम निराशामा पुगे र नयाँ विकल्प खोजिन थालियो । तर प्रश्न उठ्छ-के अहिले देखिएको विकल्प भरोसायोग्य छ त ?

मुलुक चलाउने भनेको जोकरले जोक गरेर जनता हँसाएजस्तो चटक होइन । राज्य सञ्चालनमा गम्भीरता, निरन्तरता र नीतिगत स्पष्टताको विषय हुन्छ । सामाजिक सञ्जालमा मनमा आएका कुण्ठित भावना पोख्दा पाइने 'वाह-वाह' ले राष्ट्र चल्दैन । हिजो नेपाली कांग्रेसका महामन्त्री गगन थापाले कीर्तिपुरको डाँडामा बसेर ल्यापटप चलाउँदै महिनाको तीन लाख कमाउन सकिन्छ भन्दा सामाजिक सञ्जाल प्रदूषित हुने गरी गालीगलौज भयो । तर आज वर्तमान सरकारका अर्थमन्त्री रामेश्वर खनालले उस्तै भनाइ सार्वजनिक गर्दा सामाजिक सञ्जाल मौन छ । न विरोध, न समर्थन । यही मौनतामा गहिरो रहस्य लुकेको छ । हिजो तथानाम भन्ने ती बुद्धिजीवीहरू आज एकाएक गायब छन् । यसले उनीहरूले कस्तो मुलुक निर्माण गर्न खोजेका थिए भन्ने प्रस्ट संकेत गर्छ ।

अब नेपाललाई गाली, जोक र भावनात्मक उन्माद होइन, दृष्टि, अनुशासन र इमानदार नेतृत्व चाहिएको छ । भूराजनीतिक यथार्थ बुझ्ने, आन्तरिक संकट व्यवस्थापन गर्न सक्ने र जनताको भरोसा कर्मबाट जित्ने नेतृत्व चाहिएको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# डेढ लाख निर्वाचन प्रहरी भर्ना गर्न बजेट स्वीकृत




काठमाडौं/आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि भर्ना गरिने प्रहरीका लागि बजेट सुनिश्चत भएको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीले निर्वाचनका लागि बजेट माग गर्दै गृह मन्त्रालयमा पत्राचार गरेका थिए । गृहबाट अघि बढेर अर्थ मन्त्रालय पुगेको उक्त फाइल लामो समयसम्म छलफलकै क्रममा रोकिएको थियो । अहिले भने अर्थ मन्त्रालयले बजेट सुनिश्चत गरेको गृह मन्त्रालयका एक अधिकारीले बताए ।

'अर्थबाट बजेट सुनिश्चत भएर आएको छ । अब निर्वाचन प्रहरी भर्ना प्रक्रिया अघि बढ्छ,' मन्त्रालयका एक अधिकारीले संचारकर्मीसँग भने । ती अधिकारीका अनुसार नेपाल प्रहरीलाई निर्वाचन प्रहरीका लागि ७ अर्ब १३ करोड २५ लाख ८९ हजार रुपैयाँ बजेट सुनिश्चित गरिएको छ । यो निर्वाचन प्रहरी भर्नाका लागि मात्रै उपलब्ध गराइएको बजेट हो । यो बाहेक प्रहरीको नियमिततर्फ छुट्टै बजेट हुनेछ ।

त्यस्तै, सशस्त्र प्रहरीले भर्ना गर्ने निर्वाचन प्रहरीका लागि पनि बजेट सुनिश्चित गराइएको छ । सशस्त्र प्रहरीलाई ८० करोड ८४ लाख ५३ हजार बजेट सुनिश्चित गराइएको छ । बजेट सुनिश्चित भएसँगै अब दुवै प्रहरी संगठनले जतिसक्दो चाँडो निर्वाचन प्रहरी भर्ना प्रक्रिया अघि बढाउने छन् ।

**नेपाल प्रहरीले १ लाख ३३ हजार ९८० निर्वाचन प्रहरीले भर्ना गर्ने**

नेपाल प्रहरीलाई १ लाख ३३ हजार ९८० निर्वाचन प्रहरी भर्नाका लागि मन्त्रालयले स्वीकृत दिएको छ । गृहले दिएको यो स्वीकृत प्रहरी हेडक्वार्टर पुगिसकेको छ । अब जतिसक्दो चाँडो निर्वाचन प्रहरी भर्ना प्रक्रिया अघि बढाइने नेपाल प्रहरीले बताएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्ले सबै प्रक्रिया अन्तिम चरणमा पुगेकाले केही दिनमै भर्नाका लागि दरखास्त खुला गर्ने गरी काम थालिएको बताउँछन् ।

२०७९ सालको निर्वाचनमा १ लाख १५ हजार म्यादी प्रहरी भर्ना गरिएको थियो । अहिले भने पहिलाको भन्दा सुरक्षा चुनौती जटिल बनेको, फरक अवस्थामा निर्वाचन हुन लागेको, सुरक्षाकर्मीका लुटिएका हतियारहरू बाहिरै रहेको, कारागारबाट भागेका कैदी र थुनुवाका कारण सुरक्षा चुनौती थप जटिल बनेको, मतदाताको संख्या पनि थप भएको जस्ता कारणले निर्वाचन प्रहरीको संख्या बढाएर १ लाख ४९ हजार ९० पुर्‍याइएको छ ।

२३ र २४ भदौमा भएको जेनजी आन्दोलनको क्रममा कारागार तोडफोड तथा आगजनी गरी १४ हजारभन्दा बढी कैदी फरार भएका थिए । अझै साढे ४ हजार बढी कैदीबन्दी कारागार बाहिरै छन् । यता, प्रहरीका मात्रै १ हजार २७१ हतियार लुटिएका थिए ।

तीमध्ये करिब आधा हतियार अझै बाहिरै छन् । लाइभ राउन्ड गोली मात्रै ९८ हजार हराएका छन् । ठूलो संख्यामा गोली, हतियार गायब हुनु र कैदीबन्दी तथा थुनुवाहरू कारागार र हिरासत बाहिरै रहनुले ठूलो सुरक्षा चुनौती हुने बताइएको छ ।

**सशस्त्रले १५ हजार ११० भर्ना गर्ने**

यस पटक नेपाल प्रहरीका साथै सशस्त्र प्रहरी बलले पनि निर्वाचन प्रहरी भर्ना गर्ने भएको छ । नेपाल प्रहरीले १ लाख ३३ हजार ९८० जना भर्ना गर्दा सशस्त्र प्रहरीले भने १५ हजार ११० निर्वाचन प्रहरी भर्ना गर्न स्वीकृति पाएको हो ।

यसका लागि मन्त्रालयले निर्णय गरेर पठाइसकेको छ । ड्युटीमा खटिँदा सशस्त्रको संख्या थोरै भएकाले समस्या हुने भन्दै सशस्त्रले पनि निर्वाचन प्रहरी भर्ना गर्नुपर्ने प्रस्ताव पेस गरेको थियो । भर्ना संयुक्त रूपमा गर्ने र त्यसमध्ये १५ हजार ११० जना सशस्त्र मातहत रहने गरी सशस्त्रमा जाने र बाँकी नेपाल प्रहरी माहतह रहने गरी नेपाल प्रहरीले अह्वनखटन गर्ने गरी प्रक्रिया अघि बढेको छ । सशस्त्र र नेपाल प्रहरी मातहत हुने निर्वाचन प्रहरीको पोशाक पनि फरकफरक हुने बताइएको छ ।

# 'बिगुल'को ट्रेलरमा युवाको आक्रोश र क्रान्तिको कथा

काठमाडौं/देशको समसामयिक राजनीतिक र सामाजिक विषयमा केन्द्रित रहेर निर्माण भएको फिल्म 'बिगुल'को ट्रेलर सार्वजनिक गरिएको छ । तीन मिनेट लामो ट्रेलरमा विकृत राजनीतिले जनतामा छाएको चरम निराशा, युवापुस्ताको आक्रोश, पारिवारिक उल्झन, दुई पुस्ताबीचको वैचारिक मतभेद, सामाजिक न्याय जस्ता विषयलाई प्राथमिकताका साथ देखाइएको छ ।

ट्रेलरमा अभिनेत्री बेनिशा हमालको एउटा संवाद छ, 'क्रान्ति जहाँबाट पनि सुरु हुन्छ । जबसम्म हामी जनताको पीडा सुन्दैनौं, क्रान्ति गर्न सक्दैनौं ।' यो संवादले देशमा परिवर्तनका लागि जनताले गर्ने विद्रोहलाई फिल्मले मुख्य कथावस्तु बनाएको प्रष्ट संकेत गर्छ । देश निर्वाचनको संघारमा रहँदा सार्वजनिक भएको ट्रेलरले दर्शकमा सही नेतृत्व चयन गर्न प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

रमेश कोइरालाको निर्देशनमा बनेको यस फिल्ममा बेनिशासहित रमेश बुढाथोकी, नरेन खड्का, नीर शाह, सरोज खनाल, हेमन्त बुढाथोकी, शिशिर वाङ्देल, विनोद न्यौपाने, गीता अधिकारी लगायतको अभिनय देख्न सकिनेछ । दिनेश कोइरालाको कथा तथा निर्माण रहेको फिल्ममा कल्पना पौडेल प्रस्तुतकर्ता तथा सूर्य कान्त कोइराला र महेश कोइराला सह-निर्मातामा छन् ।

फिल्ममा प्रदीप भारद्वाज र मौनता श्रेष्ठको पटकथा तथा संवाद, शिव ढकालको छायांकन, कमल राई र कविराज गहतराजको नृत्य, एनबी महर्जनको द्वन्द्व निर्देशन, विश्व प्रकाश शर्मा (कांग्रेसका महामन्त्री), अर्जुन पोखरेल र मनोज चौलागाईंको संगीत तथा तारा थापा (किम्भे)को सम्पादन रहेको छ । यो फिल्म आगामी माघ ९ गतेबाट प्रदर्शन हुँदैछ ।

# विजयको अन्तिम फिल्म 'जन नेता'को ट्रेलरमा के छ ?

काठमाडौं/तमिल सुपर स्टार थलापति विजय करिब एक वर्षपछि नयाँ फिल्म 'जन नेता'मा देखिँदैछन् । यही जनवरी ९ मा रिलिज हुन लागेको यो फिल्म उनका प्रशंसकका लागि यसकारण पनि खास छ कि यो विजयको अन्तिम फिल्म हो । अब उनी अभिनय करिअर छाडेर पूर्णकालीन राजनीतिमा होमिँदैछन् । त्यसका लागि उनले आफ्नो नेतृत्वमा पार्टी समेत गठन गरिसकेका छन् ।

यसैबीच, शनिबार फिल्मको हिन्दीसहित तीन भाषामा ट्रेलर सार्वजनिक गरिएको छ । एक्सन दृश्यले भरिएको ट्रेलरमा विजयसहित बबी देओल, प्रकाश राज, पूजा हेगडे लगायतका सबै प्रमुख कलाकारलाई स्थान दिइएको छ । बबी भिलेनको भूमिकामा देखिएका छन् । फिल्ममा विजयसँग उनको घमासान लडाइँ हुने संकेत ट्रेलरले दिन्छ ।

ट्रेलरमा विजयलाई प्रहरीको भूमिकामा देख्न सकिन्छ । उनकी छोरीमाथि आपराधिक समूहले दुर्व्यवहार गरेपछि कथाले महत्त्वपूर्ण मोड लिएको देखिन्छ । भारतलाई ध्वस्त पार्न खोज्ने पात्रविरुद्ध उनले गरेको लडाइँलाई पनि सशक्त ढंगले देखाइएको छ । ट्रेलरमा एक्सन र भावनात्मक पक्षको सन्तुलित संयोजनले दर्शकमाझ फिल्मप्रति उत्सुकता थपेको छ ।

एच. विनोथको लेखन तथा निर्देशनमा तयार भएको यो फिल्म तमिल भाषामा 'जन नायकन' शीर्षकमा रिलिज हुँदैछ । विजयको अन्तिम फिल्म भएकाले यसले भारतमा कीर्तिमानी ओपनिङ गर्ने प्रक्षेपण गरिएको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# नेपालको आर्थिक उन्नति पर्यटनबाट मात्र सम्भव: पर्यटनमन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले नेपालको आर्थिक उन्नति पर्यटन व्यवसायबाट मात्र सम्भव रहेको बताएका छन् ।

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) को आईतवार आयोजित ५८ औँ वार्षिकोत्सवमा उनले पर्यटन व्यवसाय फस्टाउन नसकेसम्म देशको आर्थिक उन्नति सम्भव नहुने बताएका छन् । प्रदेश सरकार पर्यटन क्षेत्रका व्यवसायीको समस्यालाई समाधान गर्न तयार रहेको उनको भनाई छ । मन्त्री श्रेष्ठले बागमती प्रदेशका १३ वटै जिल्लामा पर्यटनको प्रचुर सम्भावना रहेको उल्लेख गरे । प्रदेश सरकार निजीक्षेत्रसँग सहकार्य गरेर यसक्षेत्रका समस्या समाधान गर्न तयार रहेको उनले जिकिर गरे ।



पर्यटन व्यवसाय अत्यन्त संवेदनशील रहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले ऐन कानुन तथा विभिन्न राजनीतिक गतिविधिका कारण व्यवसायीले समस्या भोग्नुपरेको बताए । 'हाम्रो आर्थिक उन्नतिको बाटोतर्फ लाग्ने व्यवसाय भनेको नै पर्यटन व्यवसाय हो । यो व्यवसायलाई जबसम्म फस्टाउने बनाउन सक्दैनौ, व्यवसायीलाई सहजीकरण गरेर सहजरुपमा व्यवसाय गर्ने वातावरण बनाउन सक्दैनौ तलबसम्म यो देशको आर्थिक उन्नति हुन्छ भन्ने कुरामा म चाँहि विश्वस्त छैन' उनले भने ।

'यो देशको आर्थिक उन्नति गर्ने सम्भावना भएको पर्यटकीय क्षेत्र नै हो । यहाँ अन्य आय गर्ने कार्यमुलक क्षेत्रहरु छैनन् । पर्यटन क्षेत्रमा व्यवसायीले अफठ्यारा भोगेका कुराहरु मैले सुनें, मैले सकेसम्म सहजीकरण गर्ने गरेको छु । यहाँ कतै सरकारका ऐन कानूनबाट पनि व्यवसायीलाई समस्या छ, राजनीतिक गतिविधिबाट पनि व्यवसायीलाई समस्या छ' मन्त्री श्रेष्ठले बताए । 'पर्यटन व्यवसाय भनेको एकदमै संवेदनशील व्यवसाय रहेछ । सानो सानो कुराले पनि यस क्षेत्रलाई असर गर्ने रहेछ । वागमति प्रदेशभित्र पर्यटनको प्रचुर सम्भवना छ । यहाँका १३ जिल्ला पर्यटकीय क्षेत्रमा प्रचुर सम्भवना भएका क्षेत्र हो' उनले भने ।

'पर्यटनक्षेत्रमा काम गर्ने व्यवसायीसँग प्रदेश सरकार सहकार्य गरेर काम गर्न पूर्णरुपमा तयार छ । संघिय सरकारको कुरा मैले भन्न सक्दिन, बागमति प्रदेश सरकार पर्यटकीय क्षेत्रमा काम गर्ने व्यवसायीलाई सहजीकरण गरेर तपाईंहरुको अफठ्यारो, गाह्रो साँघुरो फुकाउन, समस्या समाधान गर्न पूर्णरुपमा तयार छ' उनले थपे । त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष अन्जान श्रेष्ठले पोखरा र भैरहवाका अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा सञ्चालनमा आउन नसक्दा पर्यटन क्षेत्रमा ठूलो नोक्सानी भइरहेको बताइन् । विमानस्थल बनेपछि निजीक्षेत्रले होटल र पूर्वाधारमा ठूलो लगानी गरेपनि संचालनमा नआउदा व्यवसायी मारमा परेको उनको भनाई छ ।

'भइरहेको पूर्वाधारलाई कसरी प्रयोग गर्ने भन्ने चुनौती छ । पोखरा र भैरहवामा अन्तार्राष्ट्रिय उडान हुने भनेर विमानस्थल बने तर, ती पूर्णरुपमा सञ्चालनमा आउन सकेका छैनन् । ती विमानस्थल संचालन हुन नसक्दा नेपाल आउन चाहने पर्यटक आउन सकेका छैनन् । त्यसकारण भैरहवा र पोखराको विमानस्थल संचालन गर्नलाई सरकारले विशेष ध्यान दिनुपर्छ, त्यसमा म सरकारको ध्यानाकर्षण गराउँछु' उनले भनिन् ।

नेपाल पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटाले हवाई टिकटमा लाग्ने भ्याटका कारण नेपाल पर्यटन प्रतिष्पर्धामा कमजोर बनेको बताए ।

नेपालमा टिकट महँगो हुँदा पर्यटकले भारत गएर टिकट काटिरहेको उनको भनाई छ । यसले नेपालको राजश्व बाहिरिएको उनले बताए । नेपाल पर्वतारोहण संघका अध्यक्ष फुरगेल्जे शेर्पाले पर्यटन प्रवर्द्धनमा कमजोरी रहेको औंल्याए । उनले राजदुतलाई सक्रिय बनाएर नेपालको पर्यटन प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

राजदुतलाई सक्रिय र जिम्मेवार बनाउन सकेमा पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्ने उनको भनाई छ । विभिन्न देशका राजदूतलाई पर्यटन प्रवर्द्धनसम्बन्धी तालिम दिएर नेपालको प्रचारमा परिचालन गर्नुपर्ने उनको सुझाव छ ।

पर्यटन क्षेत्रलाई देशको आर्थिक उन्नतिको प्रमुख आधारका रुपमा विकास गर्न सरकारको नीतिगत सुधार, सहजीकरण र पूर्वाधारको प्रभावकारी सञ्चालन अपरिहार्य रहेको पर्यटन क्षेत्रका सरोकारवालाले बताएका छन् ।

# सरकारी तथा अर्धसरकारी निकायले दलको गतिविधि गर्न नपाइने




साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य चुनावका लागि निर्वाचन आयोगले तय गरेको आचार संहितामा सरकारी तथा अर्धसरकारी निकायले कुनै पनि दलको पक्ष/विपक्षमा कुनै पनि गतिविधि गर्न नपाइने गरी आचारसंहिता सार्वजनिक गरिएको छ ।

निर्वाचन आयोगले तय गरेको आचारसंहितामा कुनै पनि परियोजनाको स्रोतसाधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रयोग हुनेगरी कुनै पनि साधन तथा स्रोत उपलब्ध गराउन नपाइने व्यवस्था गरिएको छ । आयोगले सञ्चालन गर्ने निर्वाचन व्यवस्थापन र मतदाता शिक्षालगायत अन्य कार्यक्रममा कुनै किसिमले अवरोध हुनेगरी कुनै कार्य गर्न वा निर्वाचनसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन पाइने छैन ।

आचारसंहिताअनुसार कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्व विद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी चुनावसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन पाइने छैन । राजनीतिक दल वा उम्मेदवारको चुनावचिह्नअंकित ज्याकेट, कमिज, भेस्ट, टिसर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याच, ट्याटुजस्ता सांकेतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न गराउन नपाइने व्यवस्था गरिएको छ ।

घर वा जग्गाधनीको स्वीकृति नलिई कसैको निजी संस्था वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन नहुने व्यवस्था आचारसंहितामा गरिएको छ । बालबालिकालाई चुनावी प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नपाइने व्यवस्था आचारसंहितामा समेटिएको छ । सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै प्रकारको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा चुनाव प्रचारप्रसार गर्न नपाइने व्यवस्था आचारसंहितामा गरिएको छ । सामाजिक सञ्जालमा गलत, भ्रामक, द्वेषपूर्ण सूचनाप्रवाह गर्न वा गराउन नपाइने व्यवस्था छ ।

# हेटौंडा सडक विस्तारविरुद्धको रिट आइतबार पनि हेर्न नभ्याइनेमा



साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ हेटौंडाको मुख्य बजारक्षेत्रमा सडक विस्तार गर्ने कार्यविरुद्ध परेको रिटमाथि सर्वोच्च अदालतमा तोकिएको पेसी हेर्न नभ्याइने सूचीमा परेको छ ।

आइतबार सर्वोच्चका न्यायाधीशद्वय कुमार रेग्मी र श्रीकान्त पौडेलको इजलासमा तोकिएको पेसी हेर्न नभ्याइने सूचीमा परेको हो । यसअघि पुस १३, पुस ६ र पुस २ गतेको पेसी पनि हेर्न नभ्याइने र नमिल्ने सूचीमा परेको थियो । सडक विस्तारका क्रममा आफ्नो घरजग्गा र सम्पत्तिको सुरक्षाको माग गर्दै रास्वपाकी पूर्वसांसद विन्दवासिनी कंसाकार सहितका स्थानीयले सर्वोच्चमा रिट दायर गरेका थिए । डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लगायतलाई विपक्षी बनाएर दर्ता गरिएको मुद्दामा गत मंसिर १९ गते न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले विपक्षीका नाममा 'कारण देखाऊ आदेश' जारी गरेको थियो ।

सर्वोच्चले सडक विस्तारको कार्य तत्काल अघि नबढाउन 'अल्पकालीन अन्तरिम आदेश' समेत दिएको थियो । सोही आदेशको निरन्तरता र अन्तरिम आदेशको विषयमा छलफल गर्न पटकपटक पेसी तोकिए पनि 'हेर्न नभ्याइने' तथा 'हेर्न नमिल्ने' सूचीमा पर्दै आएको छ ।

हेटौंडा बजारको २५ गज सडक विस्तार गर्ने योजना अनुसार मंसिर २० मा बजार क्षेत्रका घर तथा टहरा भत्काइएको थियो । यो कार्यको विरुद्धमा कंसाकारलगायत स्थानीय सर्वोच्च पुगेका थिए । मुद्दामा रिट निवेदकले उचित मुआब्जा र कानुनी प्रक्रिया पूरा नगरी व्यक्तिगत सम्पत्तिमा क्षति पुऱ्याउन नहुने जिकिर गर्दै आएका छन् ।

# नारायणी अटो ट्रेडलिंक्सका सेयर धनीलाई १२ प्रतिशत लाभांश

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ नारायणी अटो ट्रेडलिंक्स प्रालिको २३ औं वार्षिक साधारणसभा तथा १० औं अधिवेशन सम्पन्न भएको छ ।

कम्पनीका अध्यक्ष हीरालाल श्रेष्ठको सभाध्यक्षतामा तथा नारायणी पेट्रोलियम डिलर्स एशोसिएसनका अध्यक्ष उत्सव ईटेनीको प्रमुख आतिथ्यतामा सधारणसभा भएको हो । कार्यक्रममा प्रबन्धसञ्चालक ठाकुरनाथ सुवेदीले आर्थिक प्रतिवेदन प्रस्तुत गरे । आर्थिक वर्ष २०८१/८२ मा कम्पनीले करिब ४३ करोड रुपैयाँ बराबरको कारोबार गर्दै राज्यलाई ७ लाख ५० हजार रुपैयाँ आयकर बुझाएको छ । यसबाट कम्पनीले करिब १२ प्रतिशत नाफा आर्जन गर्न सफल भएको प्रतिवेदनमा उल्लेख छ ।

कम्पनीले नाफाबाट शेयरधनीलाई १२ प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको छ । कार्यक्रममा पूर्वप्रबन्ध सञ्चालक गुरुप्रसाद खतिवडा, कर्मचारीतर्फ गुणहरि पौडेल र सर्वाधिक कारोबार गर्ने आशिष पौडेल, राजेन्द्र फुँयाल, रञ्जन रोक्का, लिला अमुगाई, पूर्ण गिरी, हरिशरण दाहाल र भीम थोकरलाई सम्मान गरिएको थियो । अधिवेशनबाट प्रबन्धसञ्चालकमा पुन: ठाकुरनाथ सुवेदी, सञ्चालकमा कुमार बर्तौला र भीमसेन लामिछाने निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत वरिष्ठअधिवक्ता ईश्वरराज ढकालले जानकारी दिए ।

# ज्यामिरे कप फुटबलबाट हेटौंडा फुटबल एकेडेमीको टोली बाहिरियो



साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ चितवन जिल्लाको खैरहनी नगर पालिकामा जारी प्रथम ज्यामिरे कप खुल्ला नकआउट फुटबल प्रतियोगिताबाट मकवानपुरको हेटौंडा फुटबल एकेडेमीको टोली बाहिरिएको छ ।

आइतबार भएको क्वार्टर फाइनल खेलमा जय मङ्गला युथ क्लबसँग २-० गोलले पराजित हुँदै हेटौंडा फुटबल एकेडेमीको टोली प्रतियोगिताबाट बाहिरिएको हो । जय मङ्गला युथ क्लबका लागि पदम नेपालीले २ गोल गरेका थिए । उनले पेनाल्टी मार्फत पहिलो हाफको ३८ मिनेटमा गोल गरेका थिए । दोस्रो हाफको २८ मिनेटमा उनले अन्तिम गोल गर्न सफल भएका हुन् ।

यस अघि मंगलबार भएको आफ्नो पहिलो खेलमा हेटौंडा फुटबल एकेडेमीले चैनपूर युनाइटेडलाई ४-२ गोलले टाइब्रेकरमा पराजित गरेको थियो । खेलको म्यान अफ द म्याच हेटौंडा गोलकर्ता पदम नेपाली घोषित भएका छन् । उनले नगर १ हजार रुपैयाँ प्राप्त गरे ।

प्रतियोगितामा मकवानपुरको हेटौंडासहित अयोजक ज्यामिरे ए, बी, बागमती पुलिस क्लब, न्यू सिम्रेनी, मकवानपुरको सुनाचुरी, चैनपूर युनाइटेड, जय मंगल युवा क्लब, श्री परिवर्तन हातेमालो जगतपूर, एन्फा यु-१६, रत्ननगर नगरपालिकाको खेलकुद विकास समिति, बिटीएस माडी, पिठुवा एकेडेमी, दिगो विकास एफसी, पार्वतीपूर र हर्दी युवा समाजको टिमहरुको सहभागिता रहेको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल पुस २५ गते हुनेछ ।

# मकवानपुरका दुई क्षेत्रबाट एमालेद्वारा नौ जनाको नाम सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/नेकपा (एमाले) ले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मकवानपुरका दुई वटा निर्वाचन क्षेत्रबाट नौ जनाको नाम सिफारिस गरेको छ ।

पार्टीले मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ बाट सातजना र क्षेत्र नम्बर २ बाट दुईजनाको नाम सिफारिस गरेको हो । एमाले मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ को बैठकले प्रतिनिधिसभा सदस्यका लागि केन्द्रीय सदस्य रामेश्वर राना र एकालाल श्रेष्ठ, जिल्ला उपाध्यक्ष हिदम लामा तथा पार्टी नेता मदनकुमार दाहाल, कृष्णप्रसाद दाहाल, रामचन्द्र राई र नारायण सापकोटाको नाम सिफारिस गरेको छ । तिमध्ये राना गत २०७९ को निर्वाचनमा अन्तिम समयमा टिकट पाउनबाट वञ्चित भएका थिए ।

राप्रपा नेपालका अध्यक्ष कमल थापा सूर्य चिन्हबाट चुनावमा जान तयार भएसँगै रानालाई टिकट प्रदान गरिएको थिएन । श्रेष्ठ हाल नेकपा एमाले बागमती प्रदेशसभाका प्रमुख सचेतक हुन् भने प्रदेशमा खानेपानी, उर्जा तथा सिचाई र श्रम, रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी सम्हालिसकेका छन् । त्यसैगरी, दाहालले यसअघि सोही क्षेत्रबाट ४ पटक चुनाव जितिसकेका छन् । यसैगरी, मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ को बैठकले नेकपा एमालेका केन्द्रीय सदस्य तथा निवर्तमान सचेतक महेशकुमार बर्तौला र पार्टी नेता सुवासचन्द्र ठकुरीको नाम सिफारिस गरेको छ ।

सिफारिस भएका नामहरु जिल्ला कमिटी, प्रदेश कमिटी हुँदै केन्द्रीय कमिटीमा पठाइने र पार्टीको अन्तिम निर्णयअनुसार प्रतिनिधिसभा सदस्यका उम्मेदवार छनोट गरिने एमाले मकवानपुरले जनाएको छ ।

# मकवानपुर जिल्ला दुग्ध सहकारी संघको साधारणसभा: नौ संस्थासहित चार जना सम्मानित




साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघको ३१ औं बार्षिक साधारणसभा आईतबार सम्पन्न भएको छ ।

संघद्वारा सञ्चालित दुग्ध परिकार उद्योग स्थल बुङदलमा भएको साधारणसभाले संघका अध्यक्ष हरिप्रसाद कडेलले प्रस्तुत गरेको आगामी नीति तथा कार्यक्रम सहितको बार्षिक प्रतिवेदन, लेखा समिति संयोजक बीरबहादुर लामाले प्रस्तुत गरेको लेखा समिति प्रतिवेदन, संघका निमित्त व्यवस्थापक दामोदर अधिकारीले प्रस्तुत गरेको गत आर्थिक बर्षको यथार्थ आय ब्यय विवरणसहितको लेखापरीक्षण प्रतिवेदन, लेखापाल सन्तोष घिमिरेले प्रस्तुत गरेको गत आर्थिक बर्षको यथार्थ र चालु आर्थिक बर्षको अनुमानित आयाब्यय विवरण अनुमोदन गरेको छ ।

संघका अध्यक्ष हरि प्रसाद कडेलको अध्यक्षतामा भएको साधारण सभामा अध्यक्ष कडेलले कृषकहरुले उत्पादन गरेका दुधको भुक्तानीमा नियमितता गराउनको लागि संघ क्रियाशिल भएको र भुक्तानीमा आएको समस्या समाधान तर्फ अगाडि बढेको बताए ।

साधारणसभाकै अवसरमा संघ मार्फत सबैभन्दा बढी दुध बिक्री गर्ने चेतनशील दुग्ध उत्पादक सहकारी संस्था लि. हेटौंडा-१७, चिसापानी, मनकामना दुग्ध उत्पादक सहकारी संस्था लि. मकवानपुरगढी-३, मक्रान्चुली, उज्वल दुग्ध उत्पादक सहकारी संस्था लि. मकवानपुरगढी-५ लाई क्रमश: नगद ११ हजार, १० हजार र ९ हजारसहित प्रशंशापत्रद्वारा सम्मान गरिएको थियो ।

यसैगरी गुणस्तरीय दुग्ध बिक्री गर्ने मध्ये उत्कृष्ट भएका अमूल्य कृषि सहकारी संस्था लि. भीमफेदी, कोगटे, बाराही दुग्ध उत्पादक सहकारी संस्था लि. भीमफेदी दमार र पाथीभरा दुग्ध उत्पादक सहकारी संस्था लि. बागमतीलाई क्रमश: नगद ६ हजार, ५ हजार र ४ हजारसहित प्रशंशा पत्रद्वारा सम्मान गरिएको थियो ।

साथै संघद्वारा सञ्चालित दुग्ध उद्योगबाट उत्पादित दुग्धजन्य पदार्थको बिक्री गर्ने चेतनशील दुग्ध उत्पादक सहकारी संस्था लि. हेटौंडा-१७, चिसापानी, किसान दुग्ध उत्पादक सहकारी संस्था लि. हेटौंडा-१७, हटिया, नारायणी दुग्ध उत्पादक सहकारी संस्था लि. हेटौंडा-६, हत्तिलेटलाई क्रमश: नगद ६ हजार, ५ हजार र ४ हजारसहित प्रशंशा पत्रद्वारा सम्मान गरिएको थियो ।

त्यस्तै महाकाली दुग्ध उत्पादक सहकारी संस्था लि. मकवानपुरगढी-२, बासपानीले संघबाट उत्पादित दुग्धजन्य पदार्थहरुको बिक्री र बजारीकरणमा बिशेष योगदान पुऱ्याएबापत नगद ६ हजारसहित प्रशंशापत्रद्वारा सम्मान गरिएको थियो ।

साधारण सभाकै अवसरमा संघका पूर्व कर्मचारी बिदुर हुमागाई, उमेरहदका कारण निबृत्त हुनुभएका ब्यवस्थापक कुमारमणी दहाल, डेरी ब्वाई तोयानाथ पुडासैनी, सफाई कर्मचारी कान्छीमाया देउलालाई सम्मान गरिएको थियो ।

साधारण सभामा संघका सल्लाहकारहरु नारायणप्रसाद देवकोटा, बद्रीप्रसाद लम्साल, बिदुर हुमागाई, खिलप्रसाद चौलागाई, निवर्तमान अध्यक्ष बासुदेब अधिकारीले सहकारी संघसस्थाहरु सहकारीको बिनियम र सहकारी ऐन नियम अनुसार सञ्चालन हुनुपर्ने र सहकारीको बर्तमान सहकारी ऐन, नियमावलीका बारेमा जानकारी गराएका थिए ।

संघका कर्मचारी गोविन्द प्रसाद तिमल्सिनाले सञ्चालन गर्नुभएको कार्यक्रममा संघका उपाध्यक्ष अर्जुन प्रसाद देवकोटाले स्वागत गरेका थिए । साधारण सभामा मकवानपुर जिल्ला सहकारी संघका ब्यवस्थापक गोविन्द दहाल, संघमा आबद्ध सहकारी संस्थाहरुका प्रतिनिधि र कर्मचारीहरुको सहभागिता रहेको थियो ।

हाल संघमा ५६ वटा संहकारी संस्थाहरु आवद्ध रहेकाछन् भने दैनिक करिव ६० हजार लिटर दुध उत्पादन हुनेगरेको छ । उत्पादित दुधहरु संघमार्फत बिभिन्न दुग्ध उद्योगहरुका बिक्री बितरण भईरहेको छ ।

## Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुष: १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

सम्पर्क नं. ९८५५०६९९०५

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना